# समृद्ध बेथानचोक

आधारभूत तहको स्थानीय विषयको पाठ्यक्रम
कक्षा १-८

## बेथानचोक गाउँपालिका

काभ्रेपलाञ्चोक

समृद्ध बेथानचोक (आधारभूत तहको स्थानीय पाठ्यक्रम)

**प्रकाशक** : बेथानचोक गाउँपालिका, काभ्रेपलाञ्चोक

**संस्करण** : पहिलो (२०७९)

**सर्वाधिकार** : बेथानचोक गाउँपालिका

**प्राविधिक सहयोग** :

# विषयसूची


## पहिलो खण्ड
## प्रारम्भिक

१. परिचय

२. नीतिगत आधार

३. औचित्य

४. पाठ्यक्रम निर्माण गर्दा अवलम्बन गरेका सिद्धान्त र प्रक्रिया

५. उपलब्धि र लक्षित समूह

६. पाठ्यक्रम निर्माण विधि एवम् प्रक्रिया

## दोस्रो खण्ड
## स्थानीय पाठ्यक्रम

१. परिचय

२. तहगत सक्षमता

३. कक्षागत सिकाइ उपलब्धि

४. विषयवस्तु

५. विषयवस्तुको क्षेत्र र क्रम

६. विषयवस्तुको विस्तृतीकरण

७. सिकाइ सहजीकरण क्रियाकलाप

८. मूल्याङ्कन प्रक्रिया

## तेस्रो खण्ड
## कार्यान्वयन

१. समय निर्धारण

२. पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

३. पाठ्यक्रम परिमार्जन

४. स्थानीय पाठ्यक्रमको सिकाइ कार्यघण्टा र अङ्क विभाजन तालिका

५. अनुसूची

# समृद्ध बेथानचोक

आधारभूत तहको स्थानीय विषयको पाठ्यक्रम

(कक्षा १-८)

**पहिलो खण्ड**

## प्रारम्भिक

## १. परिचय

विकासको साधन र साध्य दुवै मानव विकास हो भने शिक्षा मानव विकासको आधार हो । अतः शैक्षिक जनशक्तिको विकासलाई स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भमा समेत विशेष महत्त्वका साथ हेरिन्छ । हाल नेपाल सङ्घीय शासन प्रणालीअनुसार सञ्चालित भइसकेको छ । नेपाल ७५३ स्थानीय निकाय, ७ प्रदेश र एक सङ्घीय राज्यमा परिवर्तित भएको अवस्था छ । सङ्घीय व्यवस्थाले माध्यामिक शिक्षासम्मको अधिकार स्थानीय निकायलाई दिइएको र स्थानीय तह यसतर्फ क्रमशः विकसित र स्वावलम्बी भइरहेको परिप्रेक्ष्यमा स्थानीय अभ्यासले अझै गति लिइरहेको अवस्था छ । हाल जिल्लास्थित ७७ ओटा शिक्षा विकास तथा समन्वय ईकाइमार्फत केन्द्र, प्रदेश स्थानीय निकायबिच नियमित समन्वय, सम्पर्क र कार्यक्रम कार्यान्वयन एवम् अनुगमन मूल्याङ्कनको काम हुने गर्दछ । भावी दिनमा उच्च तहको शैक्षिक जनशक्ति उत्पादन र निर्धारित कार्यका गुणस्तर तथा मापदण्डसम्बन्धी कार्य केन्द्रीय स्तरमा भए पनि क्षमता विकास र कार्यान्वयनसम्बद्ध कार्य स्थानीय तहबाट नै हुने निश्चित छ । यसै सन्दर्भको एक असल अभ्यासका रूपमा स्थानीय पाठ्यक्रम निर्माण, परिमार्जन वा सुधार र कार्यान्वयन हुन अपरिहार्य छ ।

शिक्षा नियमावलीको चौथो संशोधन (२०६६।०५।१७) ले कक्षा १-८ लाई आधारभूत तहको औपचारिक मान्यता दिएको हो । यसकै आधारमा विद्यालय क्षेत्र सुधार योजनाले कक्षा १-८ लाई आधारभूत तहका रूपमा विकसित गर्ने नीतिगत व्यवस्था गरी त्यसलाई कार्यान्वयनमा ल्याएको छ । विद्यालय शिक्षामा मुख्य नीतिगत दस्तावेज राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३ ले पनि आधारभूत तहको शैक्षिक संरचना एवम् पाठ्यक्रममा समायोजन गर्ने व्यवस्था गरेको थियो । विद्यालय शिक्षाका दुई मुख्य नीतिगत दस्तावेज विद्यालय शिक्षा विकास योजना र विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले पनि यो व्यवस्थालाई निरन्तरता दिएका छन् । यिनै नीतिगत आधारअनुसार नेपाल सरकारबाट एकीकृत पाठ्यक्रम (कक्षा १-३) को ढाँचा, २०७६ शैक्षिक वर्ष २०७७ र आधारभूत शिक्षा पाठ्यक्रम, २०७७ (कक्षा ४-८) स्वीकृत भई शैक्षिक वर्ष २०७८ देखि क्रमशः लागु भइरहेका छन् । उक्त संरचनामा भएका व्यवस्थाअनुसार स्थानीय विषयको निर्माण स्थानीय तहबाटै सान्दर्भिक हुने देखिन्छ । स्थानीय पाठ्यक्रम वा मातृभाषा वा संस्कृतमध्ये एक विषय छनोट गरी स्थानीय तहबाट पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्ने प्रावधान छ ।

स्थानीय ज्ञानलाई अवलम्बन गरी राष्ट्रिय पाठ्यक्रमलाई सान्दर्भिक बनाउने शैली, कार्य वा मार्गचित्र पाठ्यक्रम विकास प्रक्रियाको पछिल्लो प्रवृत्ति हो । यसले स्थानीय सन्दर्भ, भाषा, विषयवस्तु, गतिविधि र परम्परादेखि चलिआएका मूल्यमान्यताको परिचय गराई असल कार्य वा प्रचलनलाई निरन्तरता दिने मुख्य लक्ष्य निर्धारण गरेको हुन्छ । स्थानीय पाठ्यक्रमले सान्दर्भिक पाठ्यक्रम निर्माण गर्न स्थानीय सरोकारवालाहरूलाई सशक्त बनाउने पनि उद्देश्य राखेको हुन्छ । स्थानीय पाठ्यक्रमको यही अवधारणालाई वर्तमानमा प्रमुखताका साथ कार्यान्वयनमा ल्याइएको छ । यसर्थ राष्ट्रिय पाठ्यक्रम ढाँचाले स्थानीय आवश्यकतामा आधारित विषयमा विशेष रूपमा चासो दिएको छ । अतः मानव जाति, स्थानीय भाषादेखि धेरै ऐतिहासिक पक्षको उद्‌गम स्थल मानिआएको काभ्रेपलाञ्चोक जिल्लामा स्थानीय कला, वेषभूषा, रहनसहन, स्थानीय भाषा, धार्मिक तथा पर्यटकीय स्थल आदिमा स्थानीय जनमानसमा आत्मीयताको आदानप्रदान हुने गर्दछ । साथै यहाँका विविध सांस्कृतिक संस्कार तथा परस्परका चाडपर्वप्रति गौरव गर्न सकिने धेरै पक्ष रहेका छन् । यस सन्दर्भमा कृषि र पशुपालन, जडीबुटी, स्थानविशेषका उत्पादनको आदानप्रदान, हाटबजार, पर्यटन, श्रम आदि काभ्रेपलाञ्चोक जिल्लाका आर्थिक क्रियाकलापका प्रमुख आधार हुन् । यसर्थ काभ्रेपलाञ्चोक जिल्ला भौगोलिक, आर्थिक, सांस्कृतिक एवम् सामाजिक पक्षबाट विशिष्ट चरित्र भएको जिल्ला हो । यहाँको विशिष्टतामा विविधता पाइन्छ । स्थानीय तहका यी विशिष्ट पक्ष शिक्षण सिकाइका विशिष्ट पक्ष पनि हुन् । पाठ्यक्रम तथा पाठ्यसामग्रीमार्फत यी सामग्री पठनपाठन हुन सकेमा स्थानीय तहको विशिष्ट पक्ष, मौलिकता र सम्मृद्ध परम्पराको निरन्तरताका लागि उपयोगी मानिन्छन् ।

प्रस्तुत सन्दर्भसँगै सङ्घीयतापछि देशको तीव्र रूपमा बदलिरहेको परिस्थितिमा विद्यालय तहको शैक्षिक व्यवस्थापनको जिम्मेवारी तीनै तहका सरकारको समन्वयमा भइरहेको र उल्लिखित सन्दर्भसमेतमा आधारित भई राष्ट्रिय आवश्यकतालाई सान्दर्भिक रूपमा समावेश गर्न देशभित्रका स्थानीय तहका विशेष र भिन्न विशिष्टता तथा आवश्यकतालाई पनि सम्बोधन गर्न आवश्यक हुन्छ । यसका लागि राष्ट्रिय स्तरमा निर्माण हुने पाठ्यक्रम मात्र पर्याप्त नहुने भएकाले स्थानीय विषयका रूपमा पाठ्यक्रम तर्जुमा गर्नुपर्दछ । उक्त तथ्यलाई समेत मनन गर्दै राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले स्थानीय पाठ्यक्रमका लागि निर्धारण गरेको

पाठ्यघण्टालाई मध्यनजर गरी स्थानीय स्थानीय आवश्यकता, स्थानीय विषयवस्तु र स्थानीय सहभागिताका आधारमा बेथानचोक गाउँपालिकाका लागि यो स्थानीय पाठ्यक्रम तर्जुमा गरिएको छ । यसले कक्षा १ देखि ८ सम्मका लागि स्थानीय आवश्यकताका विषयवस्तुहरूलाई पाठ्यक्रमको खाकामा विस्तार गरेको छ ।

## २. नीतिगत आधार

स्थानीय पाठ्यक्रमलाई अवधारणागत रूपमा प्रस्ट्याउने क्रममा नेपालका विभिन्न कानुनी तथा नीतिगत दस्तावेजले विशेष प्राथमिकता दिएका छन् । तीमध्ये हाल कार्यान्वयनमा रहेका कानुन तथा नीतिहरूमा स्थानीय पाठ्यक्रमका बारेमा निम्नानुसार उल्लेख भएको पाइन्छ :

### (क) नेपालको संविधान

वि.सं. २०७२ सालमा जारी नेपालको संविधानको भाग ३ मा मौलिक हकको व्यवस्थाअन्तर्गत धारा ३२ मा भाषा तथा संस्कृतिको हकको व्यवस्था गरिएको छ । यसको उपधारा (२)मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुने छ र उपधारा (३) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने छ भन्ने प्रावधान रहेको छ । अतः यसलाई व्यवहारमा कार्यान्वयनका लागि स्थानीय पाठ्यक्रममार्फत समाजमा रहेका भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदालाई जगेर्ना गर्ने प्रकृतिको ज्ञान, सिप र प्रविधि विद्यार्थीलाई दिनु जरुरी छ । यसका लागि स्थानीय पाठ्यक्रमको विकास र प्रभावकारी कार्यान्वयन नै एक सशक्त माध्यम रहेको हुन्छ ।

### (ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) (४) मा मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमनसम्बन्धी व्यवस्था गरी स्थानीय पाठ्यक्रमको कार्यान्वयन अवस्थालाई इङ्गित गरेको छ । यस्तै उक्त ऐनको दफा ११ (ज) (१८) मा स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण गर्ने व्यवस्था समावेश गरिएको छ ।

### (ग) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा स्थानीय पाठ्यक्रमका लागि कक्षा १–३ मा साप्ताहिक पाठ्यभार ५ अर्थात् वार्षिक १६० कार्यघण्टा र कक्षा ४–८ मा यसका लागि ४ पाठ्यभार अर्थात् वार्षिक १२८ कार्यघण्टा छुट्याइएको छ । उक्त प्रारूपमा स्थानीय पाठ्यक्रम सम्बन्धमा निम्नलिखित व्यवस्था समावेश गरेको छ :

(अ) स्थानीय आवश्यकताको पहिचानमा स्थानीय तहमा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ ।

(आ) राष्ट्रिय पाठ्यक्रमको ढाँचाका आधारमा पाठ्यक्रमको स्थानीय तहमा अनुकूलन गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ ।

(इ) स्थानीय पाठ्यक्रममा आवश्यकतानुसार विषयवस्तुहरू परिमार्जन तथा सिकाइ उपलब्धिको मापन गर्ने कार्य स्थानीय तहबाट गरिने छ ।

(ई) स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्दा बालकेन्द्रित, स्थानीय आवश्यकतामुखी हुने गरी लचकता प्रदान गरिने छ ।

(उ) राष्ट्रिय पाठ्यक्रमको संरचनाभित्र रही स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि प्राविधिक तथा व्यवस्थापकीय रूपमा स्थानीय तहलाई सक्षम र जिम्मेवार बनाइने छ ।

(ऊ) स्थानीय पाठ्यक्रम कार्यान्वयन, विद्यालयको वार्षिक कार्यक्रम, कक्षाकोठाको व्यवस्थापन तथा शैक्षणिक विधिका सम्बन्धमा विद्यालयले निर्णय लिने छ ।

(ए) स्थानीय पाठ्यक्रमको स्वीकृति प्रदेश वा स्थानीय तहमा रहने पाठ्यक्रमसम्बद्ध संरचनाबाट हुने छ ।

**(घ) आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६ र आधारभूत तह (कक्षा ४-८) को पाठ्यक्रम, २०७६**

आधारभूत तहमा पाठयक्रम निर्माण तथा कार्यान्वयन गर्दा निम्नलिखित पक्ष समावेश गरिने छ :

(अ) स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने छन् । स्थानीय विषयअन्तर्गत मातृभाषा वा मातृभाषा र स्थानीय विषय समावेश गर्नुपर्ने छ । सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषयक्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनुपर्ने छ । स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय विज्ञ, अभिभावक तथा स्थानीय तहको सहयोग र समन्वयमा विकास गरी कार्यान्वयनमा ल्याउने छ । संस्कृत, गुरुकुल, गुम्बा/विहार, मदरसा, किरात मुन्धुमजस्ता परम्परागत शिक्षा पद्धतिका हकमा नेपाली र सामाजिक विषयबाहेक अन्य विषयहरू परम्परागत शिक्षा पद्धतिअनुसार अनुकूलन र विकास गरी कार्यान्वयन गरिने छ ।

(आ) संस्कृत तथा परम्परागत शिक्षाको प्रारम्भिक शिक्षा (कक्षा १-३) लाई एकीकृत सिद्धान्तअनुरूप साधारण शिक्षाकै समकक्षी शिक्षा प्रदान गरिने छ । यस शिक्षामा मातृभाषाका सट्टामा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दू भाषा, किरात लिम्बू भाषा आदि) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिने छ ।

(इ) कक्षा १–३ को कूल पाठ्यभार २६ पाठ्यघण्टामध्ये ५ पाठ्यभारको मातृभाषा/स्थानीय विषय समावेश गर्नुपर्ने व्यवस्था छ ।

यसप्रकार स्थानीय पाठ्यक्रमका लागि वार्षिक १६० कार्यघण्टा छुट्याइएको छ भने यस्तो पाठ्यक्रम निर्माण तथा कार्यान्वयन विद्यालयहरूको समेत सहभागितामा स्थानीय तहले नै गर्नुपर्ने छ । यसैगरी कक्षा ४ देखि ८ सम्म आधारभूत तह (कक्षा ४-८) को पाठ्यक्रम, २०७७ ले स्थानीय पाठ्यक्रमका लागि वार्षिक १२८ कार्यघण्टा छुट्याइएको छ ।

**(ङ) स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन मार्गदर्शन, २०७६**

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा २०७६ सालमा तयार पारिएको स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन मार्गदर्शन २०७६ (मातृभाषासहित) समेतले राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ लाई आधार मानेर स्थानीय विषयको पाठ्यक्रम निर्माण र लागु सम्बन्धी मार्गदर्शन प्रदान गरेको छ ।

**(च) अन्तर्राष्ट्रिय अभ्यास**

विद्यालय स्तरमा स्थानीय पाठ्यक्रमको निर्माण तथा कार्यान्वयन विश्वका विकसितलगायत नेपाल जस्तै विकासोन्मुख देशहरूमा समेत हुँदै आइरहेको पाइन्छ । विशेष गरी युरोपियन मुलुक नर्वे, फिनल्यान्डलगायतका देशहरूमा विद्यालयहरूले आआफ्नै आवश्यकताका आधारमा पाठ्यक्रमहरू निर्माण गरी लागु गर्दै आएका छन् । यी देशका पाठ्यक्रमहरू विषय क्षेत्रमा

(Theme based) आधारित रहेर बनाइएका छन् । विशेष गरी स्थानीय प्रविधि र सिपलाई जोड दिई प्रयोगात्मक शिक्षालाई प्रवर्धन गर्ने कार्यमा स्थानीय विषयवस्तुका पाठ्यक्रमहरूसमेत महत्त्वपूर्ण हुँदै आएका छन् । कतिपय विद्यालयहरूले व्यावसायिक शिक्षा (Vocational education) र आर्थिक क्रियाकलापसँग जोडेर पनि पठनपाठन गरिरहेका छन् । यसबाट स्थानीय सांस्कृतिक धरोहर संरक्षण, स्थानीय ज्ञान, सिपको प्रवर्धन हुनुका साथै विद्यार्थीहरूमार्फत विद्यालयहरूमा आर्थिक क्रियाकलाप पनि सञ्चालन भइरहेका हुन्छन् ।

एसियाली देशहरू जापान, चीन, थाइल्यान्ड, फिलिपिन्सलगायतका देशहरूमा पनि स्थानीय आवश्यकताका आधारमा विद्यालयहरूले आफ्नै पाठ्यक्रम बनाएर लागु गर्ने गरेका छन् । यी देशहरूमा पनि स्थानीय संस्कृति, प्रविधि र सिपको प्रवर्धन गरी आर्थिक क्रियाकलापसँग जोड्ने तरिकाले पाठ्यक्रमको योजना गरी कार्यान्वयन गर्ने गरेको पाइन्छ । विशेष गरी थाइल्यान्डको स्थानीय पाठ्यक्रमको विकास क्रमलाई हेर्ने हो भने ९० को दशकबाट नै समुदायसँग सम्बन्धित ज्ञानलाई उजागर गर्नुपर्छ भन्ने तथ्यलाई आत्मसात् गरी राष्ट्रिय शिक्षा ऐनमा स्थानीय विषयवस्तुमा आधारित पाठ्यक्रमको तथ्यलाई समावेश गरेको पाइन्छ । त्यसपछिका दिनहरूमा स्थानीय ज्ञान (Local Wisedom) का रूपमा ठाउँमा आधारित स्थानीय संस्कृति, प्रविधि, सिप र ज्ञानलाई उजागर गर्दै आर्थिक क्रियाकलापसँग समेत जोडेर आधारभूत तह विद्यालय शिक्षामा ३० प्रतिशतसम्म स्थानीय विषयवस्तुहरू पठनपाठन हुने गरेको छ । यसरी लागु गरिने स्थानीय विषयको पाठ्यक्रमले विद्यार्थीहरूलाई आफ्नो क्षेत्रको प्रकृति, संस्कृति, परम्परागत प्रविधि, सिपको उपयोग, संरक्षण र प्रवर्धन गर्न प्रेरित गर्नुका साथै आर्थिक क्रियाकलापमा समेत सहयोग पुऱ्याइरहेको पाइन्छ ।

विश्वव्यापी रूपमै स्थानीय पाठ्यक्रम कार्यान्वयनका उदाहरणहरू अध्ययन अवलोकन गर्ने हो भने सबैजसो देशहरूमा ठाउँ र आवश्यकताअनुसार स्थानीय प्रकृति, संस्कृति, भाषा, परम्परागत सिप र प्रविधिलाई नै उजागर गर्नेगरी पाठ्यक्रमहरू निर्माण गरी लागु गर्ने गरेको पाइन्छ । यसबाट विद्यार्थीहरूमा स्थानीय प्रविधिमा आधारित सिपको विकास हुन्छ भने स्थानीय धरोहरहरूको प्रवर्धन र संरक्षण गर्दै उक्त तथ्यहरूलाई दैनिक क्रियाकलापसँग जोड्नसमेत सक्षम हुन्छन् ।

## ३. नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम संरचना

उल्लिखित सन्दर्भ र कानुनी तथा नीतिगत आधारअनुसार नेपाल सरकारबाट एकीकृत पाठ्यक्रम (कक्षा १-३) को ढाँचा, २०७६ शैक्षिक वर्ष २०७७ र आधारभूत शिक्षा पाठ्यक्रम, २०७७ (कक्षा ४-८) स्वीकृत भई शैक्षिक वर्ष २०७८ देखि क्रमशः लागु भइरहेका छन् । यसै समयमा प्रारम्भिक बालविकास तथा शिक्षा, २०७७ स्वीकृत भई कार्यान्वयनमा रहेको छ । पाठ्यक्रम विकास केन्द्रले उक्त स्वीकृत संरचना निम्नानुसार प्रस्तुत गरेको छ :

### ३.१ प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना

| क्र.सं. | सिपका क्षेत्रहरू | सिपहरू | वार्षिक समय (घण्टामा) |
|---|---|---|---|
| १. | आधारभूत सिप सिकाइका क्षेत्र | (क) शारीरिक सिप<br>(ख) संवेगात्मक सिप<br>(ग) सामाजिक, सांस्कृतिक र नैतिक सिप<br>(घ) बौद्धिक तथा मानसिक सिप<br>(ङ) स्वास्थ्य, पोषण, सुरक्षा र वातावरण सिप<br>(च) सिर्जनात्मक सिप | ३८४ |
| २. | विषयगत सिप सिकाइका क्षेत्र | (क) भाषिक सिप<br>(ख) पूर्वगणितीय सिप | |

| | | | |
|---|---|---|---|
| | | (ग) दृश्यकला, कार्यतरिका र सिर्जनशीलता<br>(घ) वरपरको वातावरण<br>(ङ) सामाजिक सिप | १९२ |
| | | जम्मा | ५७६ |

(उपर्युक्त तालिकामा उल्लिखित क्रियाकलाप र समयबाहेक मनोरञ्जन क्रियाकलाप, बाह्य खेल र आराम गर्ने समय गरी कम्तीमा दैनिक १ घण्टाका दरले वर्षभरिमा २५६ घण्टासम्म वार्षिक समय थप हुन सक्ने छ ।)

**३.२ आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यक्रम संरचना**

| क्र. स. | विषयसम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप (गणित) | ४ | १२८ |
| ४. | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा, सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप (सेरोफेरो) | ८ | २५६ |
| ५. | मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १६० |
| | जम्मा | २६ | ८३२ |

(पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा (Credit hour) मानिएको छ ।)

उल्लिखित संरचनाका आधारमा पाठ्यक्रम निर्माण तथा गर्दा निम्नलिखित पक्षहरू समावेश गरिने छ :

१. भाषिक सिपअन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपको विकास, शब्दभण्डार, आधारभूत सञ्चार सिपको विकास जस्ता पक्षहरूमा ध्यान दिइने छ । गणितीय सिपअन्तर्गत सङ्ख्या र अङ्कको अवधारणाका साथै व्यावहारिक गणितीय ज्ञान तथा व्यावहारिक गणितीय सिपको विकास र प्रयोगमा ध्यान दिइने छ ।
२. विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षासम्बन्धी क्रियाकलापहरूअन्तर्गत वैज्ञानिक सोच तथा सिपको प्रयोग, विज्ञान, वातावरण, स्थानीय पर्यावरण, स्वास्थ्य र शारीरिक शिक्षा, प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरूसँग सम्बन्धित क्रियाकलापहरू समावेश गरिने छ ।
३. सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलापअन्तर्गत सामाजिक मूल्य र मान्यता, चारित्रिक विकास, सिर्जनात्मकता, कला र संस्कृति, जीवनोपयोगी सिप तथा सूचना र सञ्चार प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरूसँग सम्बन्धित क्रियाकलाप समावेश गरिने छ ।
४. स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय इतिहास तथा संस्कृति, संस्कृत भाषा र स्थानीय ज्ञान, सिप, कला तथा प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने छन् । सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषयक्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनुपर्ने छ । स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय विज्ञ, अभिभावक तथा स्थानीय तहको सहयोग र समन्वयमा विकास गरी कार्यान्वयनमा ल्याउनुपर्ने छ ।
५. संस्कृत, गुरुकुल, गुम्बा/विहार, मदर्सा, किरात मुन्धुम जस्ता परम्परागत शिक्षा पद्धतिका हकमा नेपाली र सामाजिक विषयबाहेक अन्य विषयहरू परम्परागत शिक्षा पद्धतिअनुसार अनुकूलन र विकास गरी कार्यान्वयन गर्न सकिने छ ।

६. संस्कृत तथा परम्परागत शिक्षातर्फको कक्षा १-३ लाई एकीकृत सिद्धान्तअनुरूप साधारण शिक्षा सरहको शिक्षा प्रदान गरिने छ । यस शिक्षामा मातृभाषाका सट्टामा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दू भाषा, लिम्बू भाषा आदि) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिने छ ।

७. विज्ञान तथा वातावरण, सामाजिक अध्ययन, स्वास्थ्य तथा शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयलाई अन्तरविषयक ढाँचाको पाठ्यक्रमका रूपमा हाम्रो सेरोफेरो विषयक्षेत्रमा समावेश गरी समग्रमा गणित, नेपाली भाषा, अङ्ग्रेजी भाषा र हाम्रो सेरोफेरो विषयक्षेत्रलाई समावेश गरी बहुविषयक ढाँचाको एकीकृत पाठ्यक्रम विकास गरिने छ । त्यसै गरी कक्षा १-३ का विद्यार्थीका लागि आवश्यक हुने व्यवहारकुशल सिपहरूलाई आवश्यकतानुसार सबै विषयक्षेत्र र कक्षामा एकीकृत गरिने छ ।

### ३.३ आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना

| क्र. स. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७. | मातृभाषा/स्थानीय विषय | ४ | १२८ |
| जम्मा | | ३२ | १०२४ |

उल्लिखित संरचनाका आधारमा पाठ्यक्रम निर्माण गर्दा निम्नलिखित पक्षहरू समावेश गरिने छ :

१. भाषिक विषयअन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपको विकास, शब्दभण्डार, आधारभूत सञ्चार सिप, अभिव्यक्ति सिपको विकास जस्ता पक्षहरूमा ध्यान दिनुपर्दछ । गणितअन्तर्गत सङ्ख्या र अङ्कको अवधारणाका साथै व्यावहारिक गणितीय ज्ञान तथा सिपको विकास र प्रयोगमा ध्यान दिनुपर्दछ । विज्ञान तथा प्रविधि शिक्षासम्बन्धी क्रियाकलापहरूअन्तर्गत वैज्ञानिक सोच तथा सिपको प्रयोग, विज्ञान, वातावरण, स्थानीय पर्यावरण, सूचना र सञ्चार प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरू समावेश गरिने छ । सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षाअन्तर्गत नेपालको भौगोलिक, सामाजिक तथा ऐतिहासिक पक्ष, सामाजिक मूल्य र मान्यता, चारित्रिक विकास, कला र संस्कृति, जीवनोपयोगी सिप, नागरिक चेतना आदि विषयवस्तुहरू समावेश गरिने छ । स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कलाअन्तर्गत शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगी सिप, सिर्जनात्मकता आदिसँग सम्बन्धित विषयवस्तुहरू समावेश गरिने छ । सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषयक्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनुपर्दछ ।

२. स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय इतिहास तथा संस्कृति, संस्कृत भाषा र स्थानीय ज्ञान, सिप, कला तथा प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने छन् । स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय तहको सहयोग र समन्वयमा स्थानीय विज्ञ तथा अभिभावकको संलग्नतामा विकास गरी कार्यान्वयनमा ल्याउने छ ।

३. संस्कृत तथा परम्परागत शिक्षाआतर्गत आधारभूत शिक्षा (कक्षा ४-५) लाई साधारण शिक्षासरहको शिक्षा प्रदान गरिने छ । यसअन्तर्गत सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा विषयसँग सम्बन्धित विषयक्षेत्रलाई आवश्यकताका आधारमा थपघट गरी यस शिक्षाका पाठ्यसामग्रीलाई सन्दर्भ र औचित्यका आधारमा अनुकूलन गरिने छ । मातृभाषाका सट्टामा सम्बन्धित भाषा (संस्कृत भाषा, भोट भाषा, अरेबिक र उर्दू भाषा, लिम्बू भाषा इत्यादि) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिने छ ।

४. गुरुकुल शिक्षातर्फ स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयका सट्टामा वेद वा नीतिशास्त्र वा मानवमूल्य शिक्षा विषय अध्ययन अध्यापन गर्न सकिने छ । मदर्सा शिक्षातर्फ स्वास्थ्य, शारीरिक तथा

सिर्जनात्मक कला विषयका सट्टामा दिनियात विषय अध्ययन अध्यापन गर्न सकिने छ ।

### ३.४ आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम संरचना

| | विषय | | | | |
|---|---|---|---|---|---|
| **क्र. स.** | **साधारण** | **संस्कृत शिक्षा/गुरुकुल/वेद विद्याश्रम शिक्षा** | **गोन्पा तथा विहार/मदर्सा शिक्षा** | **पाठ्यघण्टा** | **वार्षिक कार्यघण्टा** |
| १. | नेपाली | नेपाली | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | अङ्ग्रेजी वा संस्कृत रचना | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | गणित | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | विज्ञान तथा प्रविधि वा वेद | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा वा कर्मकाण्ड | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | संस्कृत भाषा | स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य वा आचार शिक्षा (दिनियात) वा कुरान (अरेबिक) | ३ | ९६ |
| ७. | मातृभाषा वा स्थानीय विषय वा संस्कृत भाषा | संस्कृत व्याकरण वा नीतिशास्त्र | भोटभाषा वा पाली भाषा वा संस्कृत वा अन्य भाषा वा उर्दू भाषा | ४ | १२८ |
| जम्मा | | | | ३२ | १०२४ |

उक्त संरचनामा भएका व्यवस्थाअनुसार स्थानीय विषयको निर्माण स्थानीय तहबाटै सान्दर्भिक हुने देखिन्छ । स्थानीय पाठ्यक्रम वा मातृभाषा वा संस्कृतमध्ये एक विषय छनोट गरी स्थानीय तहबाट पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्ने प्रावधान छ ।

## ४. औचित्य

देशको समग्र विकास पाठ्यक्रममा आधारित हुन्छ । व्यक्तिको सर्वाङ्गीण विकास पनि पाठ्यक्रमले नै निर्देशन गरेबमोजिम हुन्छ । देशको शैक्षिक, आर्थिक, राजनीतिक, प्रविधिको विकास दक्ष जनशक्तिको आपूर्तिमा आधारित हुन्छ । यसका लागि पाठ्यक्रमले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ । व्यक्तिगत, सामाजिक तथा विकाससँग आधारित सक्षमताले युक्त जनशक्ति तयारी कार्य पाठ्यक्रमबाट हुन्छ । पाठ्यक्रमले नै देशको भविष्य निर्धारण गर्छ । शैक्षिक योजना विकास, विकसित योजनाको कार्यान्वयन, शैक्षिक उपलब्धिको लेखाजोखालगायतका कार्यहरू पाठ्यक्रमसँग गाँसिएका हुन्छन् । अतः पाठ्यक्रमको विकास गर्दा सिकारु, समाज, राष्ट्र एवम् विश्व परिवेशसमेतको आधारमा गरिनुपर्छ । यसर्थ विद्यालय पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्दा दर्शन, मनोविज्ञान, भूमण्डल, समाजशास्त्र, नवीन ज्ञान, विज्ञान तथा प्रविधि, मौलिक ज्ञान, सिप तथा अनुभव, राष्ट्रको आवश्यकता र अपेक्षा, संविधान तथा कानुन, अन्तर्राष्ट्रिय परिवेश, विकासका आधुनिक प्रवृत्ति, समसामयिक मुद्दाहरू, श्रमबजारको सम्बोधन, लोकतान्त्रिक मूल्यमान्यता र मौलिक हकको संरक्षण, स्रोतसाधनको संरक्षणात्मक उपयोग जस्ता पक्षहरूलाई प्रमुख आधारका रूपमा ग्रहण गर्ने गरिन्छ ।

नेपाल सरकार (कार्य विभाजन) (पहिलो संशोधन) नियमावली, २०७४ ले विद्यालय तहको राष्ट्रिय पाठ्यक्रम प्रारूप, मूल विषयको पाठ्यक्रम, नमुना पाठ्यपुस्तक र नियमन तथा विद्यालय तहको परीक्षाको राष्ट्रिय मापदण्ड, माध्यमिक तहको परीक्षा व्यवस्थापन तथा समकक्षता निर्धारण जस्ता कार्य सङ्घलाई दिई अन्य कार्य प्रदेश तथा स्थानीय तहको जिम्मेवारीअन्तर्गत राखेको छ । यसै पनि अबको शिक्षाले शिक्षा प्रणालीका अनिवार्य विषयक्षेत्र (Common Core) लाई सम्बोधन गर्नुपर्दछ । यस अन्तर्गतका अवयवहरू, जस्तै : अन्वेषणमूलक (Investigative), प्रवर्धनात्मक र समस्या समाधानमूलक (Innovative & problem solving), सिर्जनात्मक सम्प्रेषक (Creative Communicators), समालोचनात्मक चिन्तक (Critical Thinkers), अवस्था अनुकूलको सिकाइ गर्न सक्ने (Versatile Learner) र स्रोतपूर्ण सिकाइ गर्न सक्ने (Resourceful Learner) हुनुपर्दछ । साथै एक्काइसौँ शताब्दीको पेसागत मागलाई सम्बोधन गर्ने जनशक्तिसमेत हुनुपर्ने जरुरी छ । यसअन्तर्गत शिक्षाले स्थानीयताको पूर्ण ज्ञान तथा प्रयोगका साथै समायोजन कला, समस्या समाधान गर्ने सिप, सहकार्य गर्ने सिप, सञ्चार सिप तथा डिजिटल साक्षरता जस्ता विषयमा ध्यान दिन जरुरी छ । यसले बौद्धिक तथा जनशक्तिगत पलायनलाई न्यूनीकरण गर्न सहयोग पनि गर्दछ । साथै समकालीन समाजमा पेसागत शिक्षाले सरेकारवालाहरूमा आधारभूत ज्ञान (Fundamental Knowledge), जस्तै : मुख्य विषयगत ज्ञान, डिजिटल साक्षरता र अन्तरविधागत ज्ञानको सम्प्रेषण गर्नुपर्दछ । यसका अतिरिक्त यसले मानवीय ज्ञान (Humanistic Knowledge) अन्तर्गत जीवन तथा कार्यबिच सन्तुलनको सिप, नैतिक तथा संवेगात्मक सचेतना (Ethical/Emotional Awareness), सांस्कृतिक सक्षमता (Cultural Competencies) जस्ता विषयहरू सम्बोधन गर्न सक्नुपर्छ । बृहद् ज्ञानअन्तर्गत सिर्जनात्मकता र नवप्रवर्धन, समस्या समाधानमूलक र समालोचनात्मक चिन्तन, सञ्चार र सहकार्य जस्ता विषयहरूमा पनि दक्षता हासिल गर्नुपर्दछ । सिकाइले दैनिक जीवनको कुशल व्यवस्थापन तथा संयोजन, भावी पेसागत क्षेत्रमा विशेष दक्षता हासिल गर्न सहयोग गर्न सक्नुपर्दछ । यसर्थ पढ्दै सिक्दै काम पनि गर्न जान्ने नेपाल सरकारको मूल नीतिलाई स्थानीय पाठ्यक्रमले विशेष सक्रियताका साथ कार्यान्वयनमा लैजान विशेष भूमिका निर्वाह गर्दछ ।

उल्लिखित व्यवस्थाको कार्यान्वयनलाई सहजता प्रदान गर्न गाउँपालिकाका आवश्यकतालाई सम्बोधन गरी सिकाइलाई व्यावहारिक र प्रभावकारी तुल्याउन, एक स्थान/क्षेत्र/व्यक्तिको ज्ञानलाई अर्को स्थान/क्षेत्र/व्यक्तिमा अनुकरण गरी अनुभव साटासाट गरी आयआर्जन, श्रमप्रति सम्मान, कामप्रति लगाव बढाउन तथा उत्पादनमूलक ज्ञान, सिप, प्रविधिको विस्तार गर्न र स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र संवर्धन गर्न यस पाठ्यक्रमले मार्गदर्शन गर्ने छ । स्थानीय कलाकौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यसअनुरूपको व्यवहार गर्न सक्ने तुल्याउने र स्थानीय ज्ञान, सिप र प्रविधिलाई विश्वव्यापीकरण गर्ने तथा विश्वप्यापी ज्ञान, सिप र प्रविधिलाई स्थानीयकरण गर्न यो पाठ्यक्रम एक माध्यम बन्ने छ । स्थानीय तहमा लुकेर बसेका ज्ञान, सिप र प्रविधिलाई उजागर तथा प्रवर्धन गरी स्वावलम्बी एवम् आत्मनिर्भर हुने ढङ्गको शिक्षा प्रदान गरी रोजगारोन्मुख नागरिक तयार गर्नु नै बेथानचोक गाउँपालिकाले तयार गरेको यस पाठ्यक्रमको उद्देश्य रहेको छ । यो पाठ्यक्रम स्थानीय पाठ्यक्रमको सिद्धान्तबमोजिम तयार गरिएको हो । यसले स्थानीय विषयका अतिरिक्त अनिवार्य सम्बन्धित विषयका तहगत तथा कक्षागत समक्षता हासिल गर्नका लागि मार्गदर्शन गर्ने छ ।

## ४. पाठ्यक्रम निर्माण गर्दा अवलम्बन गरेका सिद्धान्त र प्रक्रिया

यो पाठ्यक्रम स्थानमा आधारित शिक्षाको सिद्धान्त (Place-based education theory) : वातावरण तथा परम्परागत जनजीवनको संरक्षणका लागि समुदायलाई सचेत र सक्रिय बनाउने, सामाजिक पुनर्संरचनावादी सिद्धान्त (Social Re-constructivism Theory) : पाठ्यक्रम निर्माणमा सामाजिक

आवश्यकता, सामाजिक मुद्दा, सामयिक विचार र भविष्यपरक आशा उल्लेख गर्ने, स्थान विशेषमा आधारित पाठ्यक्रमको सिद्धान्त (Area based curriculum theory) : विद्यालयको वरिपरि वा निश्चित स्थान वा क्षेत्र (जस्तै : गाउँ, वडा, गाउँ वा गाउँपालिका) केन्द्रित भएर त्यहाँका विशेषता तथा आवश्यकतामा आधारित भई पाठ्यक्रम निर्माण गर्ने गरी सन्दर्भीकृत पाठ्यक्रम (Contextualized Curriculum) का रूपमा विकास गरिएको छ । यसले सिकाइ प्रक्रियामार्फत विभिन्न विषय वा विषयवस्तुलाई स्थानीय परिवेश, उदाहरण, अनुभवसँग एकाकार गर्ने कार्यलाई मुख्य सिद्धान्तका रूपमा अँगालेको छ । परिणामतः यसले स्थानीय विषयका अतिरिक्त अनिवार्य सम्बन्धित विषयका तहगत तथा कक्षागत समक्षता हासिल गर्नका लागि मार्गदर्शन गर्ने छ ।

सर्वाङ्गीण बालविकासको अवधारणालाई विचार गरी बालकेन्द्रित सिकाइ सिद्धान्तमा आधारित भई विकास गरिएको यस पाठ्यक्रमले मूलतः राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा उल्लेख गरिएका सिद्धान्तहरूलाई नै पाठ्यक्रम विकासका सिद्धान्तका रूपमा लिएको छ । यो पाठ्यक्रम विकास गर्दा नेपालका सामाजिक, सांस्कृतिक तथा भाषिकलगायतका विविधतालाई समावेश गरिनुका साथै स्थानीय आवश्यकतामा आधारित ढाँचा अवलम्बन गरिएको छ । यस पाठ्यक्रममा नेपाली मूल्य र मान्यता तथा पूर्वीय ज्ञानको प्रतिनिधित्वका साथै विद्यार्थीको सहभागिता, कार्य तथा खोजलाई जोड दिइएको छ ।

## ५. उपलब्धि र लक्षित समूह

स्थानीय विषयको पाठ्यक्रमसँगै सम्बन्धित विद्यालयहरूमा स्थानीय विषयवस्तुहरू समेटिएका आवश्यक पाठ्य तथा सन्दर्भ सामग्रीहरू तयार हुन्छन् । शिक्षकहरूलाई स्थानीय पाठ्यक्रमका विषयवस्तुहरू खोजी गर्ने र आवश्यक सामग्री जुटाउन समय र स्रोतसाधनको वचत हुने छ । विद्यार्थीहरूलाई आफू र आफ्नो स्थानीय टोल वा बस्तीमा स्रोतसाधन, भौगोलिक अवस्था, सम्पदा, मौलिक विशेषता, रहनसहन, वेषभूषा, पेसालगायतका बारेमा जान्नैपर्ने विषयवस्तुहरूका बारेमा जानकारी उपलब्ध हुने छ । स्थानीय शैक्षिक आवश्यकताका मुद्दाहरूको सम्बोधन हुने छ । देशको शिक्षा नीति र मूल पाठ्यक्रमबमोजिम शिक्षाको राष्ट्रिय उद्देश्य हासिल गर्न गराउन मदत पुग्ने छ । समग्रमा स्थानीय तबरले काम गर्दै वैश्विक सोचाइ बनाउन सहयोग गर्ने छ । यसका पहिलो लक्षित समूह कक्षा १ देखि ८ सम्म अध्ययनरत विद्यार्थीहरू तथा कार्यान्वयन गर्ने शिक्षकहरू हुने छन् । दोस्रो लक्षित समूह स्थानीय सरोकारवाला र विभिन्न तह र क्षेत्रका स्रोतव्यक्तिहरू हुने छन् ।

## ६. पाठ्यक्रम निर्माण विधि एवम् प्रक्रिया

स्थानीय पाठ्यक्रम तर्जुमा तथा सम्पादन प्रक्रियालाई विभिन्न चरणमा सम्पन्न गरिएको थियो । सर्वप्रथम स्थानीय शिक्षकहरू, स्थानीय मौलिक संस्कृतिका जानकारहरू, स्थानीय जनप्रतिनिधिहरू र अन्य क्षेत्रमा कार्यरत विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरूलगायतका स्थानीय सरोकारवालाहरू छनोट गरी उनीहरूसँग अन्तर्क्रिया गरिएको थियो । यस क्रममा स्थानीय पाठ्यक्रमका तहगत उद्देश्यहरू तथा सक्षमता निर्धारण, विषयवस्तुको छनोट, कक्षागत सिकाइ उपलब्धि निर्धारण, शिक्षण विधि र प्रक्रिया, मूल्याङ्कन, पाठ्यभार र पाठ्यक्रमको विस्तृतीकरण जस्ता विषयमा छलफल गरी सुझाव सङ्कलन गरिएको थियो ।

त्यसैगरी दोस्रो चरणमा प्राप्त भएका सुझावहरूलाई समावेश गरी स्थानीय पाठ्यक्रमको खाकामा मस्यौदा लेखन कार्य भएको थियो भने तेस्रो चरणमा सो मस्यौदामा सुझाव सङ्कलनका गर्न केही स्थानीय विद्यालयहरू, पाठ्यक्रमसम्बन्धी विज्ञहरू र सरोकारवालाहरूबाट सुझाव सङ्कलन गरिएको थियो । अन्त्यमा **प्राप्त सुझावहरूलाई समावेश गरी** पाठ्यक्रमको अन्तिम मस्यौदा लेखन सम्पन्न गरी गाउँपालिकाबाट अनुमोदन गर्नका लागि पेस गरिएको थियो । यसरी पेस भएको मस्यौदालाई गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेपश्चात यो पाठ्यक्रम प्रकाशनमा ल्याइएको हो ।

# खण्ड २

# समृद्ध बेथानचोक

(स्थानीय पाठ्यक्रम)

# समृद्ध बेथानचोक

आधारभूत तहको स्थानीय विषयको पाठ्यक्रम

(कक्षा १-८)

## १. परिचय

व्यक्तिको सर्वाङ्गीण विकास पाठ्यक्रममा निर्भर हुन्छ । देशको शैक्षिक, आर्थिक, राजनीतिक तथा प्रविधिको विकास दक्ष जनशक्तिको आपूर्तिमा आधारित हुन्छ । यसका लागि पाठ्यक्रमले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ । व्यक्तिगत, सामाजिक तथा विकाससँग आधारित सक्षमताले युक्त जनशक्ति तयारी कार्य पाठ्यक्रमबाट हुन्छ । पाठ्यक्रमले नै देशको भविष्य निर्धारण गर्छ । शैक्षिक योजना विकास, विकसित योजनाको कार्यान्वयन, शैक्षिक उपलब्धिको लेखाजोखालगायतका कार्यहरू पाठ्यक्रमसँग गाँसिएका हुन्छन् । अतः पाठ्यक्रमको विकास गर्दा सिकारु, समाज, राष्ट्र एवम् विश्व परिवेशसमेतको आधारमा गरिनुपर्छ । यसर्थ काभ्रेपलाञ्चोक जिल्लामा अवस्थित बेथानचोक गाउँपालिकाका इतिहास, कला, संस्कृति, कृषि, जलस्रोत, पर्यटन, जडीबुटीलगायतका पाठ्य विषयक्षेत्रलाई समेटी यो पाठ्यक्रम विकास गरिएको हो ।

बेथानचोक गाउँपालिकासँग सम्बन्धित थुप्रै ऐतिहासिक घटना, स्थल, कला तथा संस्कृतिलगायत भावी पुसताका लागि उपयोगी मानिन्छन् । कला, संस्कार र संस्कृतिका लागि आफ्नै विशेष पहिचान बोकेको यस गाउँपालिकाका बारेमा जानकारी हासिल गर्दै सदुपयोग, संरक्षण, निरन्तरता र विस्तार गर्नु नै स्थानीय स्तरका आवश्यकता एवम् चाहना पनि हो । यसर्थ बेथानचोक गाउँपालिकाभित्र गाउँ वा सहर, मानव बस्ती, सामाजिक तथा सामुदायिक कार्य, वातावरण र जैविक विविधता, कला, चाडपर्व, विशेष कार्य, पहिरन, खाद्यपरिकार, स्थानीय पेसा, सिप र बजारलगायतका सम्बन्धित पक्षसँग परिचित गराउँदै आफ्नो विशिष्ट परम्परा तथा मूल्यमान्यताको अनुकरण, संरक्षण र विस्तार गर्ने उद्देश्यका साथ कक्षा १ देखि ८ सम्मका लागि पाठ्यक्रम तर्जुमा गरिएको छ । यस क्रममा विद्यार्थीको रुचि, स्तर, आवश्यकता तथा सान्दर्भिकतालाई समेत ख्याल गरिएको छ । स्थानीय पाठ्यक्रम प्रारूप, २०७१; गतविगतका स्थानीय पाठ्यक्रमसम्बन्धी अभ्यास तथा नीतिगत व्यवस्था, विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ एवम् स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ बमोजिम विद्यालय शिक्षाको आधारभूत तह (कक्षा १ देखि ८) मा स्थानीय विषयको यो पाठ्यक्रम विकास गरिएको हो । यसबाट स्थानीय प्राकृतिक, सांस्कृतिक, सामाजिक, आर्थिक, जैविक तथा व्यावहारिक ज्ञान, सिप, स्रोत र सम्पदाको संरक्षण गर्न एवम् त्यस्तो स्रोत र सिप भावी पुस्तालाई हस्तान्तरण गर्नका लागि बेथानचोक गाउँपालिका सफल हुने लक्ष्य राखिएको छ ।

स्थानीय पाठ्यक्रमको निर्माण तथा कार्यान्वयनलाई पाठ्यक्रमको स्थानीयकरणको एक प्रभावकारी अभ्यास मानिन्छ । पाठ्यक्रमको स्थानीयकरणले केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका विषयवस्तु, पक्ष, समावेशीकरण, सहभागिता, निर्णय प्रक्रिया, जनअपेक्षा आदिलाई समुचित रूपमा समावेश तथा सम्बोधन गर्न सकिन्छ । यसले पाठ्यक्रमलाई समसामयिक, सान्दर्भिक, लचिलो, खुला, सन्तुलित, लोकतान्त्रिक र स्थानीय मूल्यमान्यताअनुरूप बनाउन सहयोग गर्छ । अतः यस क्रममा पाठ्यक्रम विकासको विषयगत औचित्य, पाठ्यक्रममा रहेका मुख्य विशेषता तथा पाठ्यक्रमको स्वरूपलाई समेटी परिचय, विषयगत रूपमा अपेक्षित ज्ञान, सिप, अभिवृत्ति, मूल्य र कार्य तत्परतालाई समेटी त्यसको क्रियात्मक स्वरूपमा सक्षमता, सिकाइको स्तर र सक्षमताको विशिष्टीकृत विस्तृतीकरण गरी सिकाइ उपलब्धि, सक्षमता, सिकाइ उपलब्धि एवम् अघिल्ला कक्षासँग लम्बीय सन्तुलनका आधारमा विषयवस्तुको क्षेत्र र क्रम, विषयगत विशिष्टपन र मौलिकतालाई समेटी सिकाइ सहजीकरणका विधि तथा प्रक्रिया एवम् निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका विधि तथा प्रक्रिया उल्लेख गरी विद्यार्थी मूल्याङ्कनलाई व्यवस्थित गरिएको छ ।

## २.	तहगत सक्षमता

**आधारभूत तह (कक्षा १-८) मा स्थानीय पाठ्यक्रममा आधारित पाठ्यवस्तुको अध्ययन पूरा गरेपछि बालबालिकामा देहायका सक्षमता विकास हुने अपेक्षा गरिएको छ :**

१.	बेथानचोक गाउँपालिकाको परिचय, विशेषता र गतिविधिको विश्लेषण तथा आवश्यकतानुसार उपयोग

२.	गाउँपालिकाभित्रको स्थानीय मौलिक पहिचान तथा स्रोतसाधनको संरक्षण कार्यमा सहयोग

३.	बेथानचोक गाउँपालिकाका र ऐतिहासिक एवम् सांस्कृतिक सम्पदाहरू एवम् विशेष कार्यको समीक्षा र निरन्तरताका लागि सहभागिता

४.	मौलिक खाद्यपरिकार, पहिरन र संस्कारलाई बढावा र प्रचारप्रसार

५.	बेथानचोक गाउँपालिकाका स्थानीय उत्पादनमा सहभागिता तथा त्यसका व्यावसायिक प्रयोगका लागि बजारका बारेमा जानकारी सङ्कलन र प्रस्तुति

६.	बेथानचोक गाउँपालिकामा गरिने पेसागत कार्य तथा पर्यटनबाट हुने आयआर्जनको बोध र विश्लेषण

७.	स्थानीय सम्पदा, पर्यटकीय स्थल र कला संस्कृति संरक्षण तथा संवर्धनमा सहयोग

## ३.	कक्षागत सिकाइ उपलब्धि

### कक्षा १

१.	गाउँपालिका, टोल वा बस्तीको नाम र वडासङ्ख्या बताउन
२.	परिवार र नाताका बारेमा जानकारी दिन
३.	आफ्नो घर वा आवासको बनोटका बारेमा जानकारी लिन र दिन
४.	माटो/पिठो/बालुवा प्रयोग गरी चित्र र आकृति निर्माण गर्न
५.	घरपरिवारले गाउने वा स्थानीय तहमा प्रचलित गीत वा भजन गाउँदै नाँच्न
६.	आफ्नो घर परिवारका सदस्यले गरिरहेका पेसा तथा व्यवसायहरूका बारेमा बताउन
७.	घरपरिवारले मनाउने चाडपर्वका नाम र गरिने मुख्य मुख्य कार्य बताउन
८.	स्थानीय तहको मौसम र विशेष स्थानका बारेमा मौखिक वर्णन गर्न
९.	वरिपरि पाइने खोलानाला, वनजङ्गल, पाखापखेरा र देउराली नाम भन्न
१०.	स्थानीय भाषामा साधारण मौखिक निर्देशन सुनेर पालना गर्न

### कक्षा २

१.	आफ्नो विद्यालय तथा वडामा बसोबास गर्ने आफन्तका बारेमा बताउन
२.	छिमेकी र तिनका घरको बनोटका बारेमा जानकारी प्रस्तुत गर्न
३.	आफ्नो वडाको सङ्ख्या बताउन
४.	स्थानीय तहमा प्रचलित गायन, नृत्य र वाद्यवादन अभ्यास गर्न
५.	घरपरिवारले उपयोग गर्ने प्रविधिका बारेमा छोटकरी जानकारी प्रस्तुत गर्न
६.	छरछिमेकका मानिसहरूले गर्ने पेसा तथा व्यवसायको सूची बनाई प्रस्तुत गर्न
७.	स्थानीय तहमा प्रचलित चाडपर्व तथा विशेष कार्यमा सहयोग गर्न
८.	टोल तथा छरछिमेकमा भएका धार्मिक तथा सामाजिक स्थलको नाम भन्न र तिनमा घुमफिर गर्न

९. आफ्नो वडाभित्र पर्ने खोलानाला, मठमन्दिर तथा अन्य सम्पदाका बारेमा सोधखोज गर्न

१०. स्थानीय भाषामा लिखित तथा मौखिक सञ्चार गर्न

**कक्षा ३**

१. आफ्नो वडाको घरधुरी सङ्ख्या र जनसङ्ख्या बताउन
२. आसपासका वडाको बनोट, क्षेत्रफल, यसका विशेषता, बस्ती वा सहरका जानकारी लिन र दिन
३. स्थानीय मौलिकता झल्किने क्रियाकलापमा आधारित चित्र तथा पोस्टर निर्माण
४. स्थानीय कला, सङ्गीत र बाजागाजा परिचय दिन र आवश्यकतानुसार त्यसको उपयोग गर्न
५. गाउँपालिकामा गरिने फलफूल तथा तरकारीको भण्डारणको तरिका सोधखोज गरी बताउन
६. स्थानीय तहमा प्रसिद्ध चाडपर्व, भाषा, वेषभूषा र विशेष कार्यका बारेमा आफूलाई भएको जानकारी कक्षामा प्रस्तुत गर्न
७. स्थानीय तहमा प्रचलित रोचक प्रसङ्ग, व्रत र उपवासको विषयवस्तु वर्णन गर्न
८. धार्मिक, ऐतिहासिक तथा पर्यटकीय क्षेत्रको परिचय दिई आफ्नो टोल वा बस्तीका धार्मिक स्थलहरू, लाग्ने मेला र समय टिपोट गर्न
९. स्थानीय तहमा गरिने पर्यटनको उद्देश्य, सावधानी र सुरक्षाका उपाय अपनाउन
१०. करेसाबारी, गमला वा कौसी खेती नमुना अभ्यास गर्न
११. स्थानीय भाषामा सामान्य सञ्चार र अभिव्यक्ति गर्न

**कक्षा ४**

१. बेथानचोक गाउँपालिकाको भौगोलिक अवस्था र मानव बस्तीका बारेमा सोधखोज गरी टिपोट तयार गर्न
२. घरपरिवारका सदस्यसँग छलफल गरी आफ्नो वासस्थान वरपरका सार्वजनिक स्थल र तिनको दुरी बताउन
३. चित्र वा नक्साका आधारमा वरपरका स्थल पहिचान गर्न र प्रसिद्ध स्थलका बारमा आफ्नो जानकारी टिपोट गर्न
४. स्थानीय सम्पदाका बारेमा जानकारी सङ्कलन गरी प्रचारप्रसारमा सहयोग गर्न
५. परम्परागत अभ्यास, प्रविधि र स्थानीय उद्योगको परिचय दिन
६. स्थानीय तहमा गरिने खेती र स्थानीय बजारको अवलोकन र तिनमा उपलब्ध प्रमुख सामग्री सूची तयार पार्न
७. स्थानीय तहमा प्रचलित जात्रा वा मेलामा गरिने विशेष कार्य बताउन
८. ऐतिहासिक तथा सांस्कृतिक रोचक घटना, प्रसङ्ग, कथा, कविता तथा गीत सङ्कलन गरी कक्षामा प्रस्तुत गर्न
९. वडामा भएका धार्मिक, ऐतिहासिक स्थलको सूची तयार पार्न
१०. शिक्षक वा जानकार व्यक्तिको सहयोग लिई बेथानचोक गाउँपालिकाको सङ्क्षिप्त इतिहास प्रस्तुत गर्न
११. स्थानीय प्रसिद्ध स्थलमा अवलोकन भ्रमण र शैक्षिक भ्रमणको योजना बनाई सहभागी हुन
१२. वडामा रहेका प्राकृतिक स्रोतसाधनका बारेमा सोधखोज गरी प्रस्तुत गर्न
१३. तरकारी तथा फलफूल गोडमेलका स्थानीय साधन पहिचान गरी तिनको प्रयोग गर्ने तरिकाको नमुना अभ्यास गर्न
१४. स्थानीय भाषाको उपयोग गरी भाषिक अभिव्यक्ति र सञ्चार गर्न

**कक्षा ५**

१. बेथानचोक गाउँपालिकाको क्षेत्रफल, जातजातिगत वितरण र तिनको जनसङ्ख्यालाई तालिकामा प्रस्तुत गर्न
२. बेथानचोक गाउँपालिकाभित्र सञ्चालनमा रहेका शैक्षिक सङ्घसंस्थाको विवरण प्रस्तुत गर्न
३. स्थानीय, भूगोलमा पर्ने धार्मिक स्थल र पर्ने दिशा, पुग्ने बाटो र ती स्थानमा जान प्रयोग गरिने सवारी साधनलाई तालिकामा प्रस्तुत गर्न
४. स्थानीय धार्मिक स्थल तथा विशेष पर्व, चाड वा दिनमा बनाइने परिकारहरूको विश्लेषण गर्न
५. स्थानीय लोकगीत र बाजाको नमुना प्रस्तुति गर्न
६. स्थानीय तहमा प्रसिद्ध व्यक्तिको प्रमुख काम टिपोट गरी तिनको प्रचारप्रसार गर्न
७. स्थानीय कृषि र खनिजको महत्त्व बताउँदै आफ्नो आवश्यकता र स्थानीय बजारमा उक्त सामग्री उपलब्धताको अवस्था प्रस्तुत गर्न
८. स्थानीय कला तथा भाषा महत्त्व बोध गरी यसको प्रयोग र निरन्तरताका लागि सहयोग गर्न
९. स्थानीय ऐतिहासिक तथा सांस्कृतिक रोचक घटना वा प्रसङ्ग कक्षामा प्रस्तुत गर्न
१०. बेथानचोक गापामा रहेको प्रसिद्ध मठमन्दिरलगायतका धार्मिक स्थलका बारेमा जानकारी लिन र दिन
११. स्थानीय पर्यटनलाई बढावा दिन होम स्टे र होटल व्यवसायको प्रचारप्रसारमा सहयोग गर्न
१२. स्थानीय ऐतिहासिक तथा पर्यटकीय स्थलको सरसफाइमा सहयोग गर्न
१३. स्थानीय तहमा उपलब्ध प्राकृतिक स्रोतको अवस्था पहिचान गरी त्यसको उपयोग गर्न
१४. जीवजन्तु र पक्षीका खाना तथा हेरचाहका तरिका प्रस्तुत गर्न
१५. स्थानीय भाषाको उपयोग गरी मौखिक तथा लिखित सञ्चारका लागि सहयोग गर्न

## कक्षा ६

१. स्थानीय तहको पहिचान झल्किने तथ्य वा सन्दर्भको खोज गरी प्रस्तुत गर्न
२. जानकार व्यक्तिको सहयोग लिई गाउँपालिकाभित्रको वातावरणमा आएको परिवर्तन टिपोट गरी प्रस्तुत गर्न
३. सामाजिक तथा सांस्कृतिक गतिविधि सहभागिता जनाउन र प्रमुख गतिविधिहरूलाई निरन्तरता दिन
४. स्थानीय धार्मिक स्थल तथा तिनका भवनको अवस्था अवलोकन गरी संरक्षणका उपाय प्रस्तुत गर्न
५. घरपरिवारले तयार पार्ने स्थानीय परिकार निर्माणको अभ्यास र अतिथि सत्कारका लागि उपयोग गर्न
६. स्थानीय परिकार तथा प्रविधिको प्रदर्शनी मेलाको संयोजन गर्न र स्वउत्पादनको प्रदर्शनी गर्न
७. स्थानीय तहमा प्रसिद्ध व्यक्तिको जीवनीको खोजी गर्न र लेख्न
८. स्थानीय उत्पादन, भण्डारण र बिक्रीवितरणको आवश्यकता र महत्त्व प्रस्तुत गर्न
९. व्यावसायिक कृषिको महत्त्व बताई पशुपक्षी पालनका लागि परम्परागत तथा उन्नत खोर, दाना र घाँसको व्यवस्थाका लागि सहयोग गर्न

१०. स्थानीय तहमा बसोबास गर्ने विभिन्न जातजाति र तिनको बाजाहरूको परिचय प्रस्तुत गर्न

११. स्थानीय तहमा प्रचलित सांस्कृतिक कविता वा गीत वा भजन सङ्कलन गरी कक्षामा प्रस्तुत गर्न

१२. काभ्रेपलाञ्चोक जिल्लाका प्रसिद्ध मन्दिरको स्थलगत अवलोकन गरी अवस्था बताउन

१३. गाउँपालिकाका मुख्य धार्मिक तथा ऐतिहासिक सम्पदाको विशेषता पहिचान गरी तिनको प्रचारप्रसारमा सहयोग र थप खोज अनुसन्धानमा सहयोग गर्न

१४. प्राकृतिक स्रोत साधनको विवरण सङ्कलन गरी वडागत रूपमा पाइने हावापानी र जीवजन्तुको सूची तयार गर्न

१५. मानक स्थानीय भाषाको सोधखोज तथा प्रयोग गरी मौखिक तथा लिखित सञ्चार गर्न

## कक्षा ७

१. बेथानचोक गाउँपालिकाको उमेरगत जनसङ्ख्याको खोजी गरी कक्षामा प्रस्तुत गर्न

२. स्थानीय तहमा उपलब्ध सेवाहरू, स्थानीय जनप्रतिनिधि र सार्वजनिक स्थल संरक्षण कार्यमा सहयोग गर्न

३. आफ्नो वासस्थान वरपर रहेका ऐतिहासिक स्थानको सरसफाइको योजना निर्माण, सामूहिक भ्रमण र सरसफाइ कार्यको नेतृत्व गर्न

४. सहपाठी र नातेदारको सञ्जाल निर्माण गरी विभिन्न कार्यमा सहयोग गर्न

५. गाउँपालिका निवासीले तरयार पार्ने स्थानीय स्तरका परिकारहरू बनाउने तरिका नमुना प्रदर्शन गर्न

६. स्थानीय वचत संस्कृति र सहकारीबाट हुने फाइदालाई सूचीबद्ध गर्न

७. स्थानीय बजार सुधार तथा विस्तारका उपाय प्रस्तुत गर्न

८. व्यावसायिक उत्पादन लक्ष्य निर्धारण गरी पशुपक्षी तथा जडीबुटीका प्रमुख रोग र उपचार गर्ने स्थानीय विधि बताउन

९. स्थानीय तहमा बसोबास गर्ने विभिन्न जातजातिको संस्कृति र संस्कार रहनसहन, वेषभूषाको परिचय र प्रयोग गर्ने तरिकाको एकआपसमा समानता र भिन्नता पहिचान गर्न

१०. पर्व र मेलामा आउने आगन्तुक तथा अन्य पर्यटक सेवासुविधाका लागि सहयोग गर्न

११. स्थानीय सामग्री उत्पादन र पर्यटकीय क्षेत्रमा त्यसको बिक्री वितरणका लागि प्रचारप्रसार गर्न

१२. गाउँपालिकाको खानेपानी व्यवस्थाका बारेमा छलफल गरी दीर्घकालीन उपाय खोजी गर्न

१३. करेसाबारीमा फूल र बिरुवा रोपी त्यसको हेरचाह गरी नमुना प्रदर्शन गर्न

१४. आसपासका विद्यालय तथा स्थानीय निकायमा हरित विद्यालयको अवधारणाको प्रचारप्रसार गरी महत्त्व बुझाउन

१५. मानक स्थानीय भाषाको उपयोग गरी मौखिक तथा लिखित सञ्चार गर्न

**कक्षा ८**

१. बेथानचोक गाउँपालिकाको व्यवस्थापिका र कार्यपालिकाको परिचय दिई मौजुदा कार्य टिपोट गरी प्रस्तुत गर्न

२. स्थानीय तहमा न्याय सम्पादन प्रक्रियामध्ये परम्परागत तथा आधुनिक अभ्यासबिच तुलना गर्न

३. स्थानीय विकास निर्माणका कार्यमा सहभागिता र श्रमदानको अभ्यास गरी नमुना प्रदर्शन गर्न

४. विकास तथा निर्माणका काममा स्थानीय सङ्घसंस्था र सञ्जाल निर्माण गरी त्यसको उपयोग गर्न

५. स्थानीय र अन्य क्षेत्रमा प्रचलित कलाबिचको तुलना गरी स्थानीय कलाको विस्तार र संरक्षण तथा संवर्धनका उपायहरू प्रस्तुत गर्न

६. लोकगीत तथा लोकबाजाको संरक्षणमा सहयोग र वादन अभ्यास गर्न

७. स्थानीय तहमा प्रचलित धुनको रेकर्डिङ (मोबाइल लगायतका साधनको उपयोग) तथा प्रचारप्रसार गर्न

८. स्थानीय तहको आवश्यकता र स्थानीय बजारमा उक्त सामग्री उपलब्धताको अवस्थाको विश्लेषण गर्न

९. स्थानीय तहमा उपलब्ध विज्ञसँग सहकार्य गरी स्थानीय पेसा व्यवसायको आधुनिकीकरणका उपायहरू पत्ता लगाउन

१०. परम्परागत तथा आधुनिक खेती तथा पशुपक्षी पालनको तुलना गर्न

११. लोपोन्मुख बालीनाली पहिचान गरी तिनको संरक्षणमा सहयोग गर्न

१२. गाउँपालिकाभित्र विस्तार भइरहेको र लोपोन्मुख संस्कार संस्कृतिको सोधखोज गरी तिनको जगेर्नाका लागि सहयोग गर्न

१३. पर्यटनको सम्भाव्यताको खोजी गरी ग्रामीण, जल, कृषि र पर्यापर्यटनको सम्भावनाका आधार बताउन

१४. मौलिक र परम्परागत हस्तकला तथा अन्य उपहार सामग्री तयार गरी विक्रीवितरणमा सहयोग गर्न

१५. बेथानचोक गाउँपालिकाभित्र रहेका प्राकृतिक स्रोत व्यवस्थापनका सम्भावना खोजी गरी तिनलाई सूचीबद्ध गर्न

१६. हरित विद्यालयका फाइदा बताई इको क्लब गठन र वातावरण संरक्षणमा सहयोग गर्न

१७. मानक स्थानीय भाषाको उपयोग गरी मौखिक तथा लिखित सञ्चार गर्न

## ४. विषयवस्तु

स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकता समेट्नुपर्दछ । स्थानीय समुदायको आवश्यकतालाई पहिचान गरी विकास गरिएको पाठ्यक्रमलाई मात्र स्थानीय पाठ्यक्रम भन्न सकिन्छ । यसका लागि पाठ्यक्रम विकास गर्ने क्रममा स्थानीय समुदायमा रहेका व्यक्तिको सही तरिकाले आवश्यकता पहिचान गर्न सक्नुपर्दछ । अन्यथा स्थानीय पाठ्यक्रम हुन सक्दैन । स्थानीय पाठ्यक्रमको अर्को आधारभूत पक्ष भनेको स्थानीय विषयवस्तु हो । स्थानीय पाठ्यक्रम हो होइन भनेर जाँच्ने कसी भनेको नै स्थानीय विषयवस्तु हो । स्थानीय पाठ्यक्रम हुनका लागि जुन समुदायका लागि पाठ्यक्रम बनाइएको हो त्यस समुदायमा आधारित स्थानीय ज्ञान, सिप तथा प्रविधि हुनु जरुरी छ । स्थानीय आवश्यकताअनुसारका पेसा, व्यवसाय, संस्कृति, ऐतिहासिक, भौगोलिक, शैक्षिक तथा राजनीतिक जुनसुकै विषयवस्तु राख्न सकिन्छ तर ती जुनसुकै प्रकारका भएता पनि स्थानीय समुदायसँग सम्बन्धित विषयवस्तु हुनुपर्दछ । यसर्थ यस पाठ्यक्रमले मुख्य रूपमा निम्नलिखित विषयक्षेत्रलाई समेटी समस्या समाधानको पहलको थालनी गरेको छ :

| क्र.स. | विषयक्षेत्र | विषयवस्तु |
|---|---|---|
| १. | **बेथानचोक गाउँपालिका र काभ्रेपलाञ्चोक जिल्ला** | • गाउँपालिकाको परिचय : स्थापना, नामकरण, क्षेत्रफल (१०१ वर्ग किमी) र इतिहास<br>• गाउँपालिकाका प्रसिद्ध स्थान : ढुङ्खर्क, महाङ्कालस्थान, घोडाबाधे, नारायणटार, कपेर महाङ्काल, च्याम्राङबेँसी, चलाल गणेशस्थान, च्यासिँखर्क, कामीडाँडा, भग्देउ महाङ्काल चउर, गजराम पर्वत, कपेर महाङ्काल डाँडामा प्राचीन बङ्कर, पार्थलीको थुम्का भ्यू टावर, बेथानचोक देउराली, पाटने भन्ज्याङ, कालापानी, ढिकी चउर<br>• गाउँपालिकाभित्रको पारिवारिक बनोट : संयुक्त तथा एकल<br>• सिमाना - गाउँपालिका : पूर्वमा रोशी गाउँपालिका, पश्चिममा महाङ्काल गाउँपालिका, उत्तरमा पनौति तथा नमोबुद्ध नगरपालिका र दक्षिणमा खानीखोला गाउँपालिका) र वडागत सिमाना<br>• भौगोलिक अवस्था र बनावट : पहाड, खोँच, टार, भिरालो जमिन, थली, बेँसी, खर्क (समुद्री सतहबाट ३०१८ (बेथानचोक नारायण स्थान) मिटरसम्मको उचाइ)<br>• जनसङ्ख्या (जम्मा २२७७५) र घरधुरी सङ्ख्या, शैक्षिक संस्था तथा अन्य सङ्घसंस्थाको विवरण<br>• काभ्रेपलाञ्चोक जिल्ला : सामान्य परिचय (पूर्व १ नं क्षेत्र, २८ मौजा, विसं २०१९ पछि जिल्लाको नामकरण, भौगोलिक, सामाजिक र सांस्कृतिक विशेषता)<br>• स्थानीय तहका सेवाप्रदायक निकाय वा कार्यालय वा संस्थाहरू : गापा कार्यालय तथा वडा कार्यालयहरू, स्वास्थ्य संस्था, प्रहरी चौकी, रेडक्रस क्लब, सामुदायिक सचेतना केन्द्र, बैङ्क, वित्तीय तथा सहकारीसँग सम्बन्धित कार्यालयहरू, क्याम्पस, प्राविधिक शिक्षालय, आयुर्वेदिक स्वास्थ्य केन्द्र, जेसिस |
| २. | **स्थानीय मूल्यमान्यता र अभ्यास** | • स्थानीय कला : नाच विशेष : झाँक्री नाँच, साधना नाच, असारे गीत, खैंजेडी भजन, बालन, लोक दोहोरी, मारुनी नाच, झ्याउरे नाच, भुमे नाच, घाटु नाच, सोरठी नाच, कौराहा नाच, चनरी नाच, |

| | | |
|---|---|---|
| | | हुर्रा नाच, तामाङ सेलो, लामा नाच, गजल, रत्यौली, चुट्किला, उखानटुक्का, भैलो गीत, डम्फु गीत, लोकगीत तथा अन्य कलाकृति ।<br>● स्थानीय प्रविधि : पिठो पिँध्ने पानीघट्ट, तेल पेल्ने कोल, धान कुट्ने ओखल र ढिकी, उखु पेल्ने प्रविधि, राडीपाखी बुन्ने तान, जडीबुटी प्रशोधनका स्थानीय प्रविधि र अभ्यास, चिउरा कुट्ने उर्गल, लुसी र ओखल, नेति, ठेकी, मदानी, कर्कौली, चौंठी, हर्पे, चरवन्ती ।<br>● परम्परागत प्रविधिगत सामग्री : ढिकी, जाँतो, चुलेँसी, हँसिया, कोदालो, खुकुरी, खुर्पा, खुर्पेठ्याक, चुप्पी, उर्गल, लुसी, कुसाकुती ( दाबिलो), फोसी, डोको, डालो, खड्कुँलो, कसौंडी, ताप्के, पनिउँ, ठेकी, मदानी, तुलो (धार्नी, बिसौली), टुकी बत्ती, पानस बत्ती, दियालो, लालटीन, ठड्यौरो, च्याँटी, चर्खा, आरन, हलो, जुवा, हलुँडो, पेरुङ्गो, ढकी, जाल, तोसरो, आग्लो, गोदुक, करुवा, भोटे ताल्चा, ढुकुटी खाट, सन्दुक, थैली, खुत्रुके, कोल, आँखीझ्याल, सुकुन्डा, कोतो, अन्ती, बाटा<br>● सूचना प्रविधि (स्थानीय तहमा प्रचलित र आवश्यकतामा आधारित)<br>● स्थानीय परिकार : खुवा, पनिर, दुध, दही, मह, पुष्टकारी, गुँदपाक, छुर्पी, नौनी, तयारी घिउ, रोटी, सातु, चिउरा, ढिँडो, आलाभ (पानी रोटी), फुलौरा (फुलोरो : स्थानीय नाम), सिस्नुको तरकारी, कर्कलोको गानाको मस्यौरा, समयबजी, योमरी, बारा, सटाँमरी, क्वाँटी, चाकु, तःखा, लाखमरी, छोयला, कचिला, अयला<br>● लोकबाजा : पन्चैबाजा, ढोल, डम्फु, खैँजेडी, ढ्याङ्ग्रो, बाँसुरी, मुर्चुङ्गा, मृदङ्ग, मुरली, शङ्ख, मादल, घण्ट, झ्याली, हार्मोनियम, तबला, मुजुरा, चाँप, दमाहामरुली, डौदी, केतुकी बाजा, छेलर, पैजन, रिङ, मचेटा, दुन्दी, अलङ्का, धिमेबाजा<br>● चाडपर्व र सांस्कृतिक गतिविधि : दसैँ, तिहार, होली, कृष्णजन्माष्टमी, तिज, साउने सङ्क्रान्ति, जनैपूर्णिमा, कोजाग्रत पूर्णिमा, माघे सङ्क्रान्ति, चैतेदसैं ल्होसार, गठेमङ्गल, गुठी पूजा, देवाली, आहाले देवीस्थान पूजा, भुमे, राके तिवार<br>● सरसफाइ र स्वास्थ्य : रैथाने उपचार पद्धति, माटो, खरानी र रिट्ठा आदिबाट नुहाइ, भाँडावर्तनको सरसफाइ, सुनपानी छर्कने अवस्था र प्रक्रिया, अमिलोबाट सरसफाइ, गालाले भाँडावर्तन पोल्ने पद्धति, तितेपाती तथा निमबाट गरिने सरसफाइ । |
| ३. | **स्थानीय उत्पादन** | ● रैथाने बाली : जौ, लट्टे, फापर, कोदो, जुनेलो, सिमीलगायत ।<br>● रैथाने फल : नास्पाती, मेटर, हाडे ओखर<br>● रैथाने तरकारी : आलु, केराउ, गुन्द्रुक, रायो मूला<br>● मौसमी खेती : सिमी, आलु, मकै, कोदो, फापर, जौँ, गहुँ, भटमास, धान, तोरी लगायतका तेलहन, दलहन, खाद्यान्न तथा नगदे बाली ( ओखर खेती, आल्चा, अम्रिसो, सुन्तला, काफल, केरा, आँप, चिया, कफी |

| | | |
|---|---|---|
| | | • खनिज : पहिचान, संरक्षण र सदुपयोग (स्लेटढुङ्गा, कमेरो, रातोमाटो, तामाखानी)<br>• कुटीर उद्योग तथा टोपी, सुइटर, गलबन्दी, राडीपाखी, काम्लो लगायतका स्थानीय सामग्री उत्पादनको सम्भावना र बजार<br>• नमुनाका रूपमा व्यावसायिक उत्पादन : पशुपालन<br>• लोपोन्मुख बालीनाली र यिनको संरक्षण : आलस<br>• कन्दमूल : पिँडालु, सखरखण्ड, वन तरुल, घर तरुल, स्कुस र यसको तरुल, अदुवा, बेसार,<br>• जडीबुटी : पाषणवेत, घोरथाप्रे, तिते पिँडालु, ठुलोओखती, सरो, सतुवा, कुखुरी काँ, लोकता, पाँचऔँले, डुन्डु, साखुले, वन लसुन, बाँदरमूला, वन मूला, जीवन्ती (वन केरा), गाउँ जल,, विसफायर, कुकुर तरुल, जटामसी, ओखर, भलायो, टिम्बुर, बुकीफूल, गुच्ची च्याउ, रातो च्याउ, सल्लाको खोटो, अल्लो, सिस्नु, लोठसल्ला, ठिंग्रेसल्ला, अर्घौली, झ्याउ, सगन्धवाल, चिराइतो, तितेपाती, मजिठो, कुरिलो, धसिङ्गरे, अगेरी, निम, बाबरी, बोझो, धसिङ्ग्रे र काउलो<br>• स्थानीय पेसा व्यवसाय (लोपोन्मुखसहित) : खरको छानो छाउने पद्धति, हलो जोत्ने प्रचलन, आरन व्यवसाय, कटानी पिसानी तथा प्रचलित आधुनिक पेसा व्यवसाय |
| ४. | **हाम्रो संस्कृति** | • चाडपर्व, जात्रा : एकादशी मेला, महाङ्काल जात्रा, च्याग्राङ, राँगे जात्रा, बेलविवाह (इही), गुफा (सूर्यविवाह), छेवर, जं:को, सिठीन:ख, गाईजात्रा, लाखेनाच<br>• विशेष कार्य : हलो बार्ने, मादी बाल्ने, शनिवार हलो बार्ने, वायु पूजा, भूमि पूजा, जातअनुसारका नामकरण, विवाह, पूजाआजाका सामग्री, मृत्युकर्म, मङ्सिर पूर्णिमामा थला गाउँमा मादिभ बाल्ने, संसारी पूजा, गैंडु पूजा, नाङ्ग्ले पूजा, सन्जे मन्त्रपाठ, हरेराम सङ्कीर्तन, अनन्त मन्त्रपाठ, विवाहमा खाँडो जगाउने विधि, सेरगम<br>• पहिरन : गुनिउँचोली, दौरासुरुवाल, ढाका टोपी, ज्वारीकोट, इस्टकोट कोट, पछ्यौरा, हाकुपटासी, तागी, स्यामा, गोइलो, लामा पहिरन, भोटो कछाड, पटुकी, भाङ्ग्रा, जामा, पगडी, माडवारी, ढुङ्ग्री, बुलाकी, कण्ठमाला, मुगामाला, टिकिस, झाँक्री पहिरन, चित्त माला, जातजातिगत पहिरन, लामाको तोर्मा<br>• जातजाति (बाहुमण, क्षेत्री, तामाङ, मगर, नेवार, भुजेल, विश्वकर्मा, परियार र मुस्लिम), गोत्र र कुलदेवता<br>• स्थानीय खेल, खेलमैदान र शारीरिक अभ्यास वा कसरत : पौडी, कबड्डी, डन्डीबियो, खोपी, डोरी, कुस्ती, पन्जा लडाइ, गट्टा, ढ्याक, पासा, चुङ्गी, चङ्गा, खेलमैदान : नागपोखरी<br>• योग, ध्यान तथा प्राकृतिक चिकित्सा |
| ५. | **ऐतिहासिक तथा पर्यटकीय (** | • किंवदन्ती : जात, स्थान र इतिहास<br>• हावापानी : शीत र शीतोष्ण |

| | | |
|---|---|---|
| | **प्राकृतिकसमेत) सन्दर्भ र स्थल** | ● प्राकृतिक सम्पदा : वनजङ्गल, खोलानाला, झरना, गुफा, खानी, कुवा, पोखरी<br>● स्थान विशेष : बाघभैरव मन्दिर, बेथानचोक नारायण मन्दिर, बुढा महाङ्काल मन्दिर, लक्ष्मीनारायण मन्दिर, विश्वरूपेश्वर महादेव मन्दिर, राधाकृष्ण मन्दिर, गणेश मन्दिर, कपुर वा कपेर महाङ्काल मन्दिर, चक्रेश्वर महादेव मन्दिर, महाङ्काल स्थान, मुक्तेश्वर महादेव मन्दिर, तीलेश्वर महादेव मन्दिर, पवित्रेश्वर मन्दिर भमिसेन मन्दिर, कालिका देवी मन्दिर, छोयलिङ गुम्बा, तासी गुम्बा, च्योम तान्ते साङ्गे गुम्बा, विन्ध्यवासिनी मन्दिर, श्वेत वराह मन्दिर, शिवपार्वती गुफा, कृष्ण मन्दिर, गोल्माकोट, गोरखनाथ मन्दिर, अमिल चउर, पाथिभरा मन्दिर, पटगाउँ डाँडा, ढेवा मरु पहाड, गोर्खाली गाउँ<br>● स्थल पर्यटन : पैदल मार्ग र पदयात्रा, हामे स्टे र कटेज, क्यापिङ (उचाइ वास), घरवास, गोठवास र ओढारवास, रक क्याम्बिङ, पक्षी अवलोकन, नाङ्गेचउर वनभोज स्थल, कालापानी, वाग्द्वार मूल, सूर्योदय र सूर्यास्त दृश्यावलोकन, झोलुङ्गो, पन्छी अवलोकन पदमार्ग<br>● जलपर्यटन : छ्याङछ्याङ खोला (झरना), रतन खोला, तिनतले झरना, पौडी<br>● कृषि पर्यटन : मकै खेती, तरकारी खेती, मौरीपालन, पुष्प खेती र पशुपालन, फार्म स्टे<br>● पशुपक्षी : घोरल, थार, मृग, भालु, चितुवा, बँदेल, खरायो, चित्तल, स्याल, बाँदर, कोकले, लाम्पुच्छे, कोइली, काँडे भ्याकुर (लोपोन्मुख), सारौं, भँगेराडाँफे, मुनाल, कालिज, तित्रा, मयूर, प्यूरा, जुरेली, जुरेली, ढुकुर, धोबिनी, रानी चरी, लाटोकोसेरो, कलचौडे, चाँचर, मैना, सुगा, च्याखुरा |
| ६. | **स्थानीय भाषा** | ● नेवारी भाषा, तामाङ भाषा, संस्कृत भाषा, मगर भाषा वा अन्य कुनै स्थानीय भाषा र सम्पर्क भाषा (प्रयोग र सम्बन्ध स्थापना)<br>● विद्यालयले तोकेको स्थानीय भाषाका प्रचलित शब्द र तिनको प्रयोग<br>● विद्यालयले तोकेको स्थानीय भाषाको व्याकरण<br>● विद्यालयले तोकेको स्थानीय भाषाको कथ्य तथा लेख्य प्रयोग |

## ५. विषयक्षेत्र र क्रम (कक्षा १ देखि ८ सम्म)

| विषयक्षेत्र | विषयवस्तु | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|---|---|
| विषयक्षेत्र | कक्षागत सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सिकाइका लागि सम्भावित क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | अभ्यास गराउने, जस्तै :<br>चरो चराहरू<br>सुरेश पढ्छ । सुरेशहरू पढ्छन् ।<br>शिक्षकले विद्यार्थीलाई पुलिङ्ग कर्ताअनुसार पुलिङ्ग क्रिया र स्त्रीलिङ्ग कर्ताअनुसार स्त्रीलिङ्ग क्रिया प्रयोग गरी बोल्न र लेख्न लगाउने, जस्तै : केटो आयो । केटी आई ।<br>९. शिक्षकले म पढ्छु, म खान्छु, तिमी पढ्छौ, तिमी खेल्छौ जस्ता थुप्रै वाक्यको उदाहरण दिई म र तिमी कर्तासँग उपयुक्त क्रिया प्रयोग गरी बोल्ने र लेख्ने अभ्यास गराउने<br>१०. शिक्षकले बा आउनुभयो, आमा जानुभयो, दाजु पढ्नुहुन्छ, दिदी गाउनुहुन्छ, भाइ पढ्छजस्ता थुप्रै वाक्यका उदाहरण दिई बुबा, आमा, दाजु, दिदी, भाइ, बहिनी जस्ता पदसँग क्रियाको मेल गरी बोल्ने र लेख्ने अभ्यास गराउने<br>११. शिक्षकले सामान्य वर्तमान कालमा उत्तर आउने खालका विभिन्न प्रश्न सोधी अभ्यास गराउने, जस्तै : भाइ के गर्छ ? तिमी के गर्छौ ?<br>१२. शिक्षकले सामान्य भूतकालमा उत्तर आउने खालका विभिन्न प्रश्न सोधी उत्तर भन्न लगाउने, जस्तै : (क) तिमीले हिजो के गर्‍यौ ? यस्तै विभिन्न कथा सुनाई भूतकालमा उत्तर आउने प्रश्न सोध्ने, जस्तै : .... कथामा ....ले के गर्‍यो ? | | | |

## (ज) कक्षा ८

| विषयक्षेत्र | कक्षागत सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सिकाइका लागि सम्भावित क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| **१. बेथानचोक गाउँपालिका र काभ्रेपलाञ्चोक जिल्ला** | १. बेथानचोक गाउँपालिकाको व्यवस्थापिका र कार्यपालिकाको परिचय दिई मौजुदा कार्य टिपोट गरी प्रस्तुत गर्न<br>२. स्थानीय तहमा न्याय सम्पादन प्रक्रियामध्ये परम्परागत तथा आधुनिक अभ्यासबिच तुलना गर्न<br>३. स्थानीय विकास निर्माणका कार्यमा सहभागिता र श्रमदानको अभ्यास गरी नमुना प्रदर्शन गर्न<br>४. विकास तथा निर्माणका काममा स्थानीय सङ्घसंस्था र सञ्जाल निर्माण गरी त्यसको उपयोग गर्न | ● स्थानीय तहको व्यवस्थापिका र कार्यपालिकाको परिचय, कार्य र आवश्यकता<br>● स्थानीय तहमा न्याय सम्पादन प्रक्रिया : परम्परागत तथा आधुनिक अभ्यास<br>● स्थानीय विकास निर्माणका कार्यमा कार्यमा सहभागिता र श्रमदानको अभ्यास<br>● गाउँपालिकाभित्र बसोबास गर्ने जातजातिगत विशेषता<br>● विकास तथा निर्माणका काममा स्थानीय सङ्घसंस्था र सञ्जालको | ● स्थानीय तहको व्यवस्थापिका र कार्यपालिकाको परिचय, कार्य र आवश्यकता<br>● स्थानीय तहमा न्याय सम्पादन प्रक्रिया : परम्परागत तथा आधुनिक अभ्यास<br>● स्थानीय विकास निर्माणका कार्यमा सहभागिता र श्रमदानको अभ्यास<br>● गाउँपालिकाभित्र बसोबास गर्ने जातजातिगत विशेषता<br>● विकास तथा निर्माणका काममा स्थानीय सङ्घसंस्था र सञ्जालको उपयोग पूर्वीय सभ्यता | १. शिक्षकले गाउँपालिकाको स्थानीय तहको व्यवस्थापिका र कार्यपालिकाको परिचय, कार्य र आवश्यकतासम्बद्ध सामग्री तयार गरी विद्यार्थीलाई क्रमशः देखाउने ।<br>२. स्थानीय तहमा न्याय सम्पादन प्रक्रिया : परम्परागत तथा आधुनिक न्यायिक अभ्यास बताई अन्तर्क्रिया गर्न लगाउने । यस कार्यमा गाउँपालिकाका प्रमुख तथा उपप्रमुखसँग छलफल गर्ने ।<br>३. कक्षाका सबै विद्यार्थीलाई आफ्ना जनप्रतिनिधिका बारेमा छलफल गर्न लगाउने ।<br>४. गाउँपालिकाको नक्सा बनाई सार्वजनिक र ऐतिहासिक स्थलसमेत चिह्न वा सङ्केतबाट उल्लेख गर्न लगाउने तथा तिनको संरक्षण उपाय अवलम्बन गर्न लगाउने ।<br>५. गाउँपालिकाका चित्र वा नक्साका आधारमा स्थल पहिचान गरी प्रसिद्ध स्थलको विशेषता वर्णन गरिदिने तथा वर्णन गर्न लगाउने<br>६. सहपाठी र नातेदारको सञ्जाल निर्माण गरी सञ्चालन तथा व्यवस्थापन गर्न लगाउने | १. विभिन्न शब्दपत्तीहरू<br>२. गाउँपालिकाको नक्सा<br>३. सान्दर्भिक चित्र वा श्रव्यदृश्य सामग्री | १. मौखिक प्रश्नोत्तर गरेर मापन गर्ने<br>२. छलफल (युगल, सामूहिक) मा सहभागिता गराएर सिकाइको लेखाजोखा गर्ने<br>३. समूह कार्यमा सक्रियता हेरेर सिकाइको मूल्याङ्कन गर्ने<br>४. निर्दिष्ट सूचीको प्रस्तुति गर्न लगाउने र त्यसका आधारमा मापन गर्ने<br>५. स्थलगत अध्ययन भ्रमण र अवलोकन गर्न लगाएर सिकाइको लेखाजोखा गर्ने<br>६. लिखित अभ्यास गर्न लगाएर सिकाइको | २२ |

| विषयक्षेत्र | कक्षागत सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सिकाइका लागि सम्भावित क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | उपयोग<br>● पूर्वीय सभ्यता | | | | मापन गर्ने | |
| **२. बेथानचोकको आदर्श** | ५. स्थानीय र अन्य क्षेत्रमा प्रचलित कलाबिचको तुलना गरी स्थानीय कलाको विस्तार र संरक्षण तथा संवर्धनका उपायहरू प्रस्तुत गर्न<br>६. लोकगीत तथा लोकबाजाको संरक्षणमा सहयोग र वादन अभ्यास गर्न<br>७. स्थानीय तहमा प्रचलित धुनको रेकर्डिङ (मोबाइल लगायतका साधनको उपयोग) तथा प्रचारप्रसार गर्न | • स्थानीय र अन्य क्षेत्रमा प्रचलित कलाबिचको तुलना<br>• स्थानीय कलाको विस्तार र संरक्षण तथा संवर्धनका उपायहरू<br>• स्थानीय लोकगीत सङ्कलन र एकल तथा समूह गायन अभ्यास<br>• लोकबाजाको संरक्षणमा सहयोग र वादन अभ्यास<br>• स्थानीय तहमा प्रचलित धुनको रेकर्डिङ (मोबाइल लगायतका साधनको | • स्थानीय र अन्य क्षेत्रमा प्रचलित कलाबिचको तुलना<br>• स्थानीय कलाको विस्तार र संरक्षण तथा संवर्धनका उपायहरू<br>• स्थानीय लोकगीत सङ्कलन र एकल तथा समूह गायन अभ्यास<br>• लोकबाजाको संरक्षणमा सहयोग र वादन अभ्यास<br>• स्थानीय तहमा प्रचलित धुनको रेकर्डिङ (मोबाइल लगायतका साधनको उपयोग) तथा प्रचारप्रसार<br>• विषेश कार्य<br>● विद्यालयले तोकेको कुनै एक विशिष्ट व्यक्ति | १. विद्यालयका आसपासका टोल वा बस्तीका जानकार व्यक्तिको सहयोग लिई घरपरिवारले तयार पार्ने स्थानीय कलाको अभ्यास गर्ने गराउने । उक्त परिकार अतिथि सत्कारका लागि उपयोग गर्न लगाउने<br>२. स्थानीय बचत संस्कृति र सहकारीका बारेमा विस्तृत जानकारी संकलन गरी प्रस्तुत गर्न लगाउने<br>३. विद्यार्थीलाई आफ्नो टोल वा बस्तीमा वा समुदायमा भएका प्रविधिसम्बद्ध क्रियाकलापहरूको नाम भन्न लगाई सूची तयार गर्ने ।<br>४. स्थानीय तहमा प्रसिद्ध व्यक्तित्वका बारेमा भिडियो देखाई त्यस व्यक्तिको परिचय र विशेष कार्यको जानकारी दिने । | १. स्थानीय खाद्य परिकार र यिनका तस्बिर | १. मौखिक प्रश्नोत्तर गरेर मापन गर्ने<br>२. छलफल (युगल, सामूहिक) मा सहभागिता गराएर सिकाइको लेखाजोखा गर्ने<br>३. समूह कार्यमा सक्रियता हेरेर सिकाइको मूल्याङ्कन गर्ने<br>४. निर्दिष्ट सूचीको प्रस्तुति गर्न लगाउने र त्यसका आधारमा मापन गर्ने<br>५. स्थलगत अध्ययन भ्रमण र अवलोकन गर्न लगाएर सिकाइको लेखाजोखा गर्ने<br>६. लिखित अभ्यास गर्न लगाएर सिकाइको | २२ |

| विषयक्षेत्र | कक्षागत सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सिकाइका लागि सम्भावित क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | उपयोग) तथा प्रचारप्रसार<br>• विषेश कार्य<br>• विद्यालयले तोकेको कुनै एक विशिष्ट व्यक्ति | | | | मापन गर्ने | |
| **३. स्थानीय उत्पादन** | ८. स्थानीय तहको आवश्यकता र स्थानीय बजारमा उक्त सामग्री उपलब्धताको अवस्थाको विश्लेषण गर्न<br>९. स्थानीय तहमा उपलब्ध विज्ञसँग सहकार्य गरी स्थानीय पेसा व्यवसायको आधुनिकीकरणका उपायहरू पत्ता लगाउन<br>१०. परम्परागत तथा आधुनिक खेती तथा पशुपक्षी पालनको तुलना गर्न<br>११. लोपोन्मुख बालीनाली पहिचान गरी तिनको संरक्षणमा सहयोग गर्न | • स्थानीय तहको आवश्यकता र स्थानीय बजारमा उक्त सामग्री उपलब्धताको अवस्था<br>• स्थानीय तहमा उत्पादित सामग्रीलाई बढावा<br>• स्थानीय पेसा व्यवसायको आधुनिकीकरणका उपायहरू<br>• परम्परागत तथा आधुनिक खेती तथा पशुपक्षी पालनको तुलना<br>• उद्योग तथा फर्महरू दर्तासम्बन्धी व्यवस्था<br>लोपोन्मुख | • स्थानीय तहको आवश्यकता र स्थानीय बजारमा उक्त सामग्री उपलब्धताको अवस्था<br>• स्थानीय तहमा उत्पादित सामग्रीलाई बढावा<br>• स्थानीय पेसा व्यवसायको आधुनिकीकरणका उपायहरू<br>• परम्परागत तथा आधुनिक खेती तथा पशुपक्षी पालनको तुलना<br>• उद्योग तथा फर्महरू दर्तासम्बन्धी व्यवस्था<br>लोपोन्मुख बालीनाली | १. स्थानीय उत्पादन र बजारमा प्राप्तसामग्रीबिच तुलनात्मक विश्लेषण गर्न लगाउने ।<br>२. गाउँपालिकाका सम्भावना र बजारसँग उत्पादन, भण्डारण र वितरण अन्तरसम्बन्ध पहिचान गरी वर्णन गर्ने<br>३. विभिन्न व्यावसायिक उद्योगहरू र उत्पादनहरूको फोटो चित्र प्रदर्शन गरी उद्योग र उत्पादनका बारेमा सूची तयार पार्ने, जस्तै : फलफूल खेती, मौरीपालन आदि ।<br>४. पशुपक्षीका प्रमुख रोग र उपचार गर्ने स्थानीय विधि र जडीबुटी खेतीको जानकारीसहितको सूची तयार पार्ने र प्रस्तुति गर्ने<br>५. उद्योग तथा फर्महरू दर्तासम्बन्धी व्यवस्थाको खोजी गरी कक्षामा प्रस्तुत गर्ने तथा गर्न लगाउने<br>६. लोपोन्मुख बालीनालीको पहिचान गरी संरक्षणमा सहयोग गर्ने | व्यवसाय झल्किने चित्र | १. मौखिक प्रश्नोत्तर गरेर मापन गर्ने<br>२. छलफल (युगल, सामूहिक) मा सहभागिता गराएर सिकाइको लेखाजोखा गर्ने<br>३. समूह कार्यमा सक्रियता हेरेर सिकाइको मूल्याङ्कन गर्ने<br>४. निर्दिष्ट सूचीको प्रस्तुति गर्न लगाउने र त्यसका आधारमा मापन गर्ने<br>५. स्थलगत अध्ययन भ्रमण र अवलोकन गर्न लगाएर | २२ |

| विषयक्षेत्र | कक्षागत सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सिकाइका लागि सम्भावित क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | बालीनाली | | | | सिकाइको लेखाजोखा गर्ने<br>६. लिखित अभ्यास गर्न लगाएर सिकाइको मापन गर्ने | |
| **४. हाम्रो संस्कृति** | १२. गाउँपालिकाभित्र विस्तार भइरहेको र लोपोन्मुख संस्कार संस्कृतिको सोधखोज गरी तिनको जगेर्नाका लागि सहयोग गर्न | • सांस्कृतिक नृत्यको परिचय र प्रयोगाभ्यास<br>• स्थानीय तहमा उपलब्ध बाजाको महत्त्व र प्रयोग अभ्यास<br>• गाउँपालिकाभित्र विस्तार भइरहेको र लोपोन्मुख संस्कार संस्कृतिको तुलना<br>• विभिन्न जातजातिका साझा संस्कृति<br>• स्थानीय तहमा प्रचलित ऐतिहासिक कथा<br>• योग, ध्यान तथा प्राकृतिक चिकित्सासम्बद्ध स्थानीय अभ्यास | • सांस्कृतिक नृत्यको परिचय र प्रयोगाभ्यास<br>• स्थानीय तहमा उपलब्ध बाजाको महत्त्व र प्रयोग अभ्यास<br>• गाउँपालिकाभित्र विस्तार भइरहेको र लोपोन्मुख संस्कार संस्कृतिको तुलना<br>• विभिन्न जातजातिका साझा संस्कृति<br>• स्थानीय तहमा प्रचलित ऐतिहासिक कथा<br>• योग, ध्यान तथा प्राकृतिक चिकित्सासम्बद्ध स्थानीय अभ्यास | १. स्थानीय तहमा बसोबास गर्ने विभिन्न जातजातिको संस्कृति र संस्कार रहनसहन, वेषभूषाको परिचय र प्रयोग गर्ने तरिका प्रस्तुत गर्न लगाउने ।<br>२. स्थानीय तहमा बसोबास गर्ने विभिन्न स्थानीय तहमा प्रचलित विशेष पर्वको परिचय र महत्त्व वर्णन गर्न लगाउने<br>३. स्थानीय तहमा प्रचलित सांस्कृतिक कविता वा गीत वा भजनमा केन्द्रित भई भूमिका अभिनय गर्न लगाउने ।<br>४. स्थानीय तहमा प्रचलित रोचक प्रसङ्ग सुनाई त्यसका बारेमा छलफल तथा प्रश्नोत्तर गर्ने गराउने<br>५. योग, ध्यान तथा प्राकृतिक चिकित्सा सम्बद्ध अभ्यास गर्ने तथा गराउने | स्थानीय संस्कृतिसँग सम्बन्धित चित्र | १. मौखिक प्रश्नोत्तर गरेर मापन गर्ने<br>२. छलफल (युगल, सामूहिक) मा सहभागिता गराएर सिकाइको लेखाजोखा गर्ने<br>३. समूह कार्यमा सक्रियता हेरेर सिकाइको मूल्याङ्कन गर्ने<br>४. निर्दिष्ट सूचीको प्रस्तुति गर्न लगाउने र त्यसका आधारमा मापन गर्ने<br>५. स्थलगत अध्ययन भ्रमण र अवलोकन गर्न लगाएर सिकाइको | २२ |

| विषयक्षेत्र | कक्षागत सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सिकाइका लागि सम्भावित क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | लेखाजोखा गर्ने<br>६. लिखित अभ्यास गर्न लगाएर सिकाइको मापन गर्ने | |
| **५. ऐतिहासिक तथा पर्यटकीय (प्राकृतिक समेत) सन्दर्भ र स्थल** | १३. पर्यटनको सम्भाव्यताको खोजी गरी ग्रामीण, जल, कृषि र पर्यापर्यटनको सम्भावनाका आधार बताउन<br>१४. मौलिक र परम्परागत हस्तकला तथा अन्य उपहार सामग्री तयार गरी विक्रीवितरणमा सहयोग गर्न<br>१५. बेथानचोक गाउँपालिकाभित्र रहेका प्राकृतिक स्रोत व्यवस्थापनका सम्भावना खोजी गरी तिनलाई सूचीबद्ध गर्न<br>१६. हरित विद्यालयका फाइदा बताई इको क्लब गठन र वातावरण संरक्षणमा सहयोग गर्न | • पर्यटनको सम्भाव्यता<br>• ग्रामीण पर्यटन<br>• जलपर्यटन<br>• कृषि पर्यटन<br>• पर्यापर्यटन<br>• धार्मिक तथा ऐतिहासिक सम्पदाहरूको संरक्षण<br>• पर्यटन पूर्वाधार र वातावरण संरक्षण<br>• मौलिक र परम्परागत हस्तकला तथा अन्य उपहार सामग्री<br>• बेथानचोक गाउँपालिकाभित्र रहेका प्राकृतिक स्रोत व्यवस्थापनका सम्भावना<br>• स्थानीय | • पर्यटनको सम्भाव्यता<br>• ग्रामीण पर्यटन<br>• जलपर्यटन<br>• कृषि पर्यटन<br>• पर्यापर्यटन<br>• धार्मिक तथा ऐतिहासिक सम्पदाहरूको संरक्षण<br>• पर्यटन पूर्वाधार र वातावरण संरक्षण<br>• मौलिक र परम्परागत हस्तकला तथा अन्य उपहार सामग्री<br>• बेथानचोक गाउँपालिकाभित्र रहेका प्राकृतिक स्रोत व्यवस्थापनका सम्भावना<br>• स्थानीय प्राकृतिक स्रोतको संरक्षण र सदुपयोग<br>• लोपोन्मुख प्रजातिका जीवजन्तु र वनस्पति<br>• स्थानीय जीवजन्तु : नाम र जीवजन्तुबाट | १. धार्मिक, ऐतिहासिक तथा पर्यटकीय क्षेत्रको समीक्षा गर्ने र विद्यार्थीलाई पनि गर्न लगाउने<br>२. मौलिक तथा परम्परागतसँग सम्बन्धित श्रव्यदृश्य तथा मुद्रित सामग्री सहयोगमा स्थानीय कलाका बारेमो विवेचना गर्ने गर्न लगाउने<br>३. शिक्षकले तीनचार जना विद्यार्थीसँग धार्मिक तथा सांस्कृतिक विषयमा कुराकानी गर्ने र अरू विद्यार्थीलाई कुराकानी गर्न समावेश गराउने<br>४. गाउँपालिकाका मुख्य धार्मिक तथा ऐतिहासिक सम्पदा खोज अनुसन्धान गर्न प्रेरित गर्ने<br>५. गाउँपालिकाका मुख्य धार्मिक तथा ऐतिहासिक सम्पदाका प्रचारप्रसारमा सहयोग गर्न लगाउने<br>६. मौलिक र परम्परागत हस्तकला तथा अन्य उपहार सामग्री तयार गरी बिक्री वितरणका लागि उत्प्रेरित गर्ने ।<br>७. आसपासका वडाभित्र पर्ने प्रमुख प्राकृतिक स्रोतको सूची बनाई कक्षामा गर्न लगाउने र ती स्रोत व्यवस्थापनका सम्भावना खोजी गर्न लगाउने<br>८. लोपोन्मुख प्रजातिका जीवजन्त र वनस्पतिको अवस्थामा | सान्दर्भिक चित्र<br>श्रव्यदृश्य सामग्री | १. मौखिक प्रश्नोत्तर गरेर मापन गर्ने<br>२. छलफल (युगल, सामूहिक) मा सहभागिता गराएर सिकाइको लेखाजोखा गर्ने<br>३. समूह कार्यमा सक्रियता हेरेर सिकाइको मूल्याङ्कन गर्ने<br>४. निर्दिष्ट सूचीको प्रस्तुति गर्न लगाउने र त्यसका आधारमा मापन गर्ने | २० |

| विषयक्षेत्र | कक्षागत सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सिकाइका लागि सम्भावित क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | प्राकृतिक स्रोतको संरक्षण र सदुपयोग<br>● लोपोन्मुख प्रजातिका जीवजन्तु र वनस्पति<br>● स्थानीय जीवजन्तु : नाम र जीवजन्तुबाट पाइने वस्तु (दुध, उन, मासुलगायत) | पाइने वस्तु (दुध, उन, मासुलगायत) | कसरी सुधार गर्न सकिन्छ ? छलफल गर्ने ।<br>९. प्राकृतिक स्रोतको संरक्षणमा सहयोग गर्ने तरिकाका बारेमा अन्तर्क्रिया गर्ने<br>१०. स्थानीय जीवजन्तुका बारेमा तुलनात्मक विश्लेषण गर्न लगाउने र तीनबाट के के कसरी प्राप्त गर्न सकिन्छ भनी खोज गर्ने वा गर्न लगाउने । | | | |
| ६. स्थानीय भाषा | १७. मानक स्थानीय भाषाको उपयोग गरी मौखिक तथा लिखित सञ्चार गर्न | ● स्थानीय भाषामा सञ्चार र अभिव्यक्ति (सुनाइ, बोलाइ, पढाइ र लेखाइ)<br>स्थानीय भाषामा प्रचलित<br>● बालकविता<br>● कथा<br>● स्थानीय भाषाका | ● स्थानीय भाषामा सञ्चार र अभिव्यक्ति (सुनाइ, बोलाइ, पढाइ र लेखाइ)<br>स्थानीय भाषामा प्रचलित<br>● बालकविता<br>● कथा<br>● स्थानीय भाषाका व्याकरणका आधारभूत नियम | १. शिक्षकले स्थानीय तहमा प्रचलित बालगीत र कथाहरू भनेर विद्यार्थीलाई सुन्न लगाउने र पुनः भन्न लगाउने<br>२. शिक्षकले बालगीतहरू लय मिलाएर पढी सुनाउने र विद्यार्थीलाई पनि व्यक्तिगत र सामूहिक रूपमा लय मिलाएर पढ्न लगाउने र पर्याप्त अभ्यास गराउने<br>३. शिक्षकले कथाहरू हाउभाउसहित पढेर सुनाउने र विद्यार्थीलाई पनि सोहीअनुसार पढ्न लगाउने<br>४. शिक्षकले खेल्छ, भन्छ, गर्छ, सत्य, बट्टा जस्ता संयुक्त वर्ण भएका शब्दहरू वर्णविन्यास मिलाई शुद्ध र स्पष्टसँग लेख्ने अभ्यास गराउने<br>५. कथा विधाका सरल अनुच्छेदहरू सार्न लगाउने र ठिकसँग सार्न अभिप्रेरित गर्ने<br>६. विद्यार्थीले जानिसकेका शब्द तथा वाक्यहरू शिक्षकले शुद्ध उच्चारण गरी सुनाउने र विद्यार्थीलाई सुनेका आधारमा लेख्न लगाउने<br>७. शिक्षकले पूर्णविराम र प्रश्न चिह्न प्रयोग गर्नुपर्ने | विषयवस्तुमा आधारित चित्र वा श्रव्यदृश्य सामग्री | १. मौखिक प्रश्नोत्तर गरेर मापन गर्ने<br>२. छलफल (युगल, सामूहिक) मा सहभागिता गराएर सिकाइको लेखाजोखा गर्ने<br>३. समूह कार्यमा सक्रियता हेरेर सिकाइको मूल्याङ्कन गर्ने<br>४. निर्दिष्ट सूचीको प्रस्तुति गर्न लगाउने र त्यसका आधारमा मापन गर्ने | २० |

| विषयक्षेत्र | कक्षागत सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सिकाइका लागि सम्भावित क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | व्याकरणका आधारभूत नियम<br>• वचन, लिङ्ग, पुरुष र आदर<br>• क्रियाका काल, पक्ष र भाव | • वचन, लिङ्ग, पुरुष र आदर<br>• क्रियाका काल, पक्ष र भाव | खालका वाक्यहरू लेखि/भनिदिने र विद्यार्थीले लेखेका वाक्यको अन्त्यमा पूर्णविराम चिह्न (।) र प्रश्नवाचक चिह्न (?) प्रयोग गर्न लगाउने<br>८. शिक्षकले एक वचन नाम शब्दमा “हरू” लगाएर बहुवचन बनाउन सिकाउने र एकवचनको कर्ता तथा बहुवचनका कर्तासँग क्रियाको मेल गराउन अभ्यास गराउने, जस्तै :<br>चरो    चराहरू<br>सुरेश पढ्छ ।    सुरेशहरू पढ्छन् ।<br>शिक्षकले विद्यार्थीलाई पुलिङ्ग कर्ताअनुसार पुलिङ्ग क्रिया र स्त्रीलिङ्ग कर्ताअनुसार स्त्रीलिङ्ग क्रिया प्रयोग गरी बोल्न र लेख्न लगाउने, जस्तै : केटो आयो । केटी आई ।<br>९. शिक्षकले म पढ्छु, म खान्छु, तिमी पढ्छौ, तिमी खेल्छौ जस्ता थुप्रै वाक्यको उदाहरण दिई म र तिमी कर्तासँग उपयुक्त क्रिया प्रयोग गरी बोल्ने र लेख्ने अभ्यास गराउने<br>१०. शिक्षकले बा आउनुभयो, आमा जानुभयो, दाजु पढ्नुहुन्छ, दिदी गाउनुहुन्छ, भाइ पढ्छजस्ता थुप्रै वाक्यका उदाहरण दिई बुबा, आमा, दाजु, दिदी, भाइ, बहिनी जस्ता पदसँग क्रियाको मेल गरी बोल्ने र लेख्ने अभ्यास गराउने<br>११. शिक्षकले सामान्य वर्तमान कालमा उत्तर आउने खालका विभिन्न प्रश्न सोधी अभ्यास गराउने, जस्तै : भाइ के गर्छ ? तिमी के गर्छौ ?<br>१२. शिक्षकले सामान्य भूतकालमा उत्तर आउने खालका विभिन्न प्रश्न सोधी उत्तर भन्न लगाउने, जस्तै : (क) तिमीले हिजो के गऱ्यौ ? यस्तै विभिन्न कथा सुनाई | | | |

| विषयक्षेत्र | कक्षागत सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सिकाइका लागि सम्भावित क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | भूतकालमा उत्तर आउने प्रश्न सोध्ने, जस्तै : .... कथामा ....ले के गऱ्यो ? | | | |

## ७. सिकाइ सहजीकरण क्रियाकलाप

स्थानीय विषयले स्थानीय सन्दर्भ, आवश्यकता र प्रयोगात्मक पक्षमा आधारित विषयक्षेत्रमा जिज्ञासु गराई दिगो सिकाइमा सहयोग गर्छ । यस विषयको सिकाइ सहजीकरण प्रक्रियामा निर्धारित विषयवस्तुको सन्तुलित रूपमा छनोट र प्रयोग गर्नु सान्दर्भिक हुने देखिन्छ । विशेषतः "गरेर सिक" (learing by doing) को सिद्धान्तअनुसार स्थानीय विषयका सिकाइ सहजीकरण क्रियाकलापलाई अर्थपूर्ण, रुचिकर र प्रभावकारी बनाउन विषयवस्तुको प्रकृतिअनुसारको शिक्षण विधिको छनोट र प्रयोग गर्नुपर्छ । शिक्षण विधिको छनोट गर्दा विद्यार्थीको रुचि, क्षमता, स्तर, उमेर आदिलाई ध्यान दिई विद्यार्थीलाई नै सहभागी गराएर विद्यार्थीकेन्द्रित शिक्षण विधि प्रयोग गरी बढीभन्दा बढी ज्ञान र सिप विकास गराउनुपर्दछ । शिक्षकले सहयोगीको भूमिका निर्वाह गरी विद्यार्थीलाई स्थानीय विषयक्षेत्रमा केन्द्रित भई परियोजना कार्य (project work) का रूपमा सान्दर्भिक क्षेत्रको स्थलगत अध्ययन भ्रमण, सामग्री सङ्कलन, अध्ययन तथा विश्लेषण, सिकाइलाई व्यवहारमा प्रदर्शन, सकारात्मक सोच र आचरणको अनुसरण जस्ता पक्षमा जोड दिन आवश्यक हुन्छ ।

स्थानीय विषय सम्बद्ध सहजीकरण क्रियाकलापहरू सञ्चालन गर्दा विद्यार्थीहरूका पूर्वअनुभव, अवधारणा तथा रहनसहनमा ध्यान दिनुपर्दछ । यो प्रयोगात्मक विषय भएकाले प्रदर्शन, अवलोकन र उपयोगलाई विशेष प्राथमिकता दिनुपर्दछ । सैद्धान्तिक विषयवस्तुको प्रस्तुतिपछि विद्यार्थीहरूलाई यथासम्भव उदाहरण, स्थलगत अध्ययन भ्रमण एवम् प्रयोगात्मक कार्य गर्न लगाउनुपर्दछ । शिक्षणलाई प्रभावकारी र दिगो बनाउन सहजीकरणको महत्त्वपूर्ण भूमिका हुन्छ । सहजीकरण प्रक्रियाले विद्यार्थीमा समझदारी, क्रियात्मक सोचाइ तथा प्रयोगात्मक सिप र अभिवृत्तिको विकास गर्दछ । त्यसैले कुनै एकाइका लागि विषयवस्तुको प्रकृति हेरेर खास शिक्षण विधि अपनाउनुपर्ने हुन्छ । सिकाइलाई बोधमा मात्र सीमित नराखी पूर्णता प्रदान गर्नका लागि पर्याप्त अवसर दिई सिर्जनात्मक प्रयोगका लागि स्थानान्तरण गर्न सक्ने अवस्थामा पुऱ्याउनुपर्छ । सहजीकरणका क्रममा विद्यालयमा उपलब्ध हुन नसक्ने सामग्री र तिनीहरूको प्रयोगका सम्बन्धमा सामुदायिक स्रोत र अभिभावकसँग सम्पर्क गर्नुपर्छ । यस्ता स्रोतहरूको प्रयोग गर्दा सम्बन्धित ठाउँमा नै लगेर तिनको प्रयोग र सञ्चालित क्रियाकलाप आवश्यकतानुसार प्रदर्शन गर्नुपर्छ । शिक्षकले कुनै पनि शिक्षण विधि अपनाउनुभन्दा पहिले निम्नलिखित कुरामा ध्यान दिनु राम्रो हुन्छ :

(क) विद्यार्थीको बुझ्ने क्षमता र परिपक्वता

(ख) विद्यार्थीमा सिर्जनशील रूपमा विचार गर्ने र सहयोग गर्ने भावना

(ग) स्थानीय स्तरमा उपलब्ध हुने साधनस्रोत

(घ) स्थानीय स्तरमा उपलब्ध हुने स्रोत व्यक्तिहरू

सिकाइ सहजीकरणलाई प्रभावकारी र गुणस्तरीय बनाउन उपयोग गर्न सकिने केही सम्भावित नमुना विधिहरू तल दिइएका छन् :

(क) प्रदर्शन विधि
(ख) छलफल विधि
(ग) प्रश्नोत्तर विधि
(घ) भूमिका अभिनय
(ङ) सामाजिक तथा सांस्कृतिक क्रियाकलाप
(च) अवलोकन भ्रमण
(छ) खोज विधि
(ज) परियोजना विधि
(झ) समस्या समाधान विधि
(ञ) प्रयोग विधि

जुनसुकै क्रियाकलाप गराउँदा पनि विद्यार्थीकेन्द्रित हुनु आवश्यक हुन्छ । यसलाई निम्नानुसार पनि प्रस्तुत गर्न सकिन्छ :

(क) **आधारभूत शिक्षण विधिः** छलफल विधि, प्रश्नोत्तर विधि, अवलोकन विधि, क्षेत्र भ्रमण विधि, प्रदर्शन विधि, खेल विधि, खोज विधि, समस्या समाधान विधि, अभ्यास विधि, जिक्सअ विधि, **अनुसन्धानमा आधारित शिक्षण विधिः** कार्यमूलक अनुसन्धान, मामिला अध्ययन, परियोजना कार्य, स्थलगत अध्ययन तथा **वैकल्पिक शिक्षण विधिः** श्रव्यदृश्य विधि, रैथाने विधि, सङ्गीत शिक्षण विधि, कथाकथन विधि, सूचना तथा सञ्चार प्रविधिमा आधारित विधि, Think Pair and Share

शिक्षक वा सहजकर्ताले तयारीका चरणहरू पूरा गरी विषयवस्तुमा प्रवेश गरेपछि उद्देश्यअनुसार सक्षमता हासिल हुने गरी विद्यार्थीकेन्द्रित विधिहरू उपयोग गरी सहजीकरण गर्नुपर्दछ । हाल प्रचलनमा रहेका प्रश्नोत्तर विधि, प्रदर्शन विधि, समस्या समाधान विधि, अवलोकन, छलफल, अभिनय, कथावाचन, क्षेत्र भ्रमण, परियोजना, द्रुत लेखन, जिग्स, मष्तिस्क मन्थनलगायतका विधिहरू अपनाउन सकिन्छ । पाठ्यक्रमको उद्देश्यअनुसार एकैपटकमा पनि एक वा एकभन्दा धेरै विधिहरूको प्रयोग गर्न सकिन्छ तर सबै विधिहरूमा विद्यार्थीकेन्द्रित, सक्रिय सहभागिता, सामाजिक सहभागिता, उपयुक्त क्रियाकलाप र रणनीतिको प्रयोग हुनुपर्दछ । सिकाइ सहजीकरण गर्न देहायका विधिहरू अपनाउन सकिने छ :

१. **प्रश्नोत्तर विधि :** विषयवस्तुको परिधिमा रहेर शिक्षक विद्यार्थी तथा विद्यार्थी विद्यार्थीबिच प्रश्नोत्तर विधिको उपयोग गरेर सिकाइन्छ ।

२. **प्रदर्शन विधि :** विषयवस्तुको केन्द्रमा रहेर विद्यार्थीलाई ज्ञान, सिप र धारणा बसाउन सहयोग गर्ने वा पुग्ने गरी प्रदर्शन विधिको प्रयोगबाट सिकाइ गतिविधि अगाडि बढाइन्छ ।

३. **समस्या समाधान विधि :** विषयवस्तुको केन्द्रमा रहेर समस्या दिने र उक्त समस्याको समाधान गर्न सिकाउने गतिविधि यसमा अवलम्बन गरिन्छ ।

४. **अवलोकन विधि :** विषयवस्तुको प्रकृतिका आधारमा अवलोकन गर्न सकिने र मिल्ने भए अवलोकनका माध्यमबाट सिकाउने गरिन्छ ।

५. **छलफल विधि :** समूहमा वा व्यक्तिका बिचमा परस्पर छलफल गर्न लगाई सिकाइ क्रियाकलाप सम्पन्न गर्न प्रेरित गर्ने विधि नै छलफल विधि भएकाले वास्तविक तथ्य सङ्कलन गर्न छलफल विधिको उपयोग गरेर सिकाइन्छ ।

६. **अभिनय विधि :** चरित्र चित्रण तथा व्यक्तित्वसँग सम्बन्धित सामग्री भए अभिनय विधिबाट सिकाउन सकिन्छ ।

७. **खोज विधि :** सिकाइ क्रियाकलापलाई प्रभावकारी र दिगो बनाउन उपयोग हुने अर्को प्रमुख विधिका रूपमा खोज विधिलाई लिइन्छ । खोज विधिमा सामग्रीको खोजलाई उच्च प्राथमिकता दिइन्छ ।

८. **परियोजना कार्य विधि :** परियोजना कार्य विधिको प्रयोगले कुनै पनि कार्य समूहमा वा एकल कुनै तरिकाबाट कसरी सहजै सम्पन्न गर्न सकिन्छ भन्ने कुरालाई उच्च प्राथमिकता दिएर गरिन्छ र विद्यार्थीहरूलाई गर्न लगाइन्छ । काम, समय र व्यक्तिको सङ्ख्यालाई परियोजनामा विशेष महत्त्व दिइन्छ । विषयवस्तुको प्रकृति विद्यार्थीको उमेर समूह, सिकाइ स्तर, स्थानीय परिवेशजस्ता पक्षमा यस विधिमा विशेष ख्याल गरिन्छ ।

९. **वाचन/कथाकथन विधि :** कुनै पनि विषयवस्तुलाई कथात्मक शैलीमा प्रस्तुत गर्न सिकाउने कला वा विधि नै कथाकथन विधि हो । यसलाई वाचन विधि पनि भनिन्छ । घटनाहरूको तारतम्यता वा कलात्मक प्रस्तुति गराउन वा गर्न लगाउन यो विधि अनिवार्य मानिन्छ ।

१०. **घटना अध्ययन विधि :** घटना अध्ययनमा समाजका सामाजिक विषयसँग सम्बद्ध घटनाहरू पर्दछन् जुनसुकै प्रकृतिका विषय भए पनि तिनको अध्ययन गरी चित्त बुझ्दो निष्कर्षमा पुग्ने गरी घटनाहरूको अध्ययन र निचोड गर्न प्रेरित गर्ने र सोही आधारमा घटनाको व्यवस्थापन गर्न सिकाउनु नै घटना अध्ययन विधि हो ।

११. **क्षेत्र भ्रमण :** क्षेत्र भ्रमण (Field Trip) अन्तर्गत विद्यार्थीहरूले आफ्नो पाठ्यवस्तुसँग सम्बन्धित रहेर कुनै निश्चित क्षेत्रको भ्रमण गरी प्रत्यक्ष रूपमा विषयको अनुसन्धनात्मक अध्ययन गर्दछन् । क्षेत्र भ्रमणले शिक्षक तथा विद्यार्थी दुवैलाई नियमित रूपमा कक्षाकोठामा हुने पठनपाठनबाट बाहिर जाने मौका प्रदान गर्ने हुँदा छुट्टै अनुभव र आनन्द दिन्छ । यसका निम्नानुसारका तीन मुख्य चरणहरू हुन्छन् :

**पहिलो चरण** : यस चरणमा भ्रमणको तयारी हुन्छ, जसअन्तर्गत शिक्षकले विद्यार्थीहरूलाई विषयवस्तु तथा गन्तव्यको परिचय गराई आवश्यक तयारी गर्छन्/गर्न लगाउँछन् ।

**दोस्रो चरण** : यस चरणमा शिक्षकको नेतृत्वमा विद्यार्थीहरू निर्दिष्ट गन्तव्य (क्षेत्र) मा पुग्दछन् र अवलोकन तथा अन्तरक्रिया गर्दछन् ।

**तेस्रो चरण** : भ्रमण सकिएपछि आउने यस चरणमा सहभागीले भ्रमणबाट प्राप्त तथ्य तथ्याङ्कका विषयमा छलफल गरी निश्कर्ष निकाल्छन् । यसका अतिरिक्त शिक्षकले विद्यार्थीहरूलाई विभिन्न प्रश्न सोधी उत्तर खोज्ने र छलफल गर्ने पनि गर्दछन् । अध्ययन विश्लेषणका क्रममा उल्लिखित विधिहरूभन्दा बाहेक अन्य विधिहरूको पनि चर्चा गरिएको पाइन्छ । यस्ता विधिहरूले पनि सिकाइको गतिमा विस्तार र विकास गर्न योगदान गर्दछन् ।

**(ख) समालोचनात्मक चिन्तनपरक विधिहरू :** गुणदोषका आधारमा तथ्यहरू केलाउँदै सिकाउन प्रेरित गर्ने विधिलाई नवीनतम विधिका रूपमा समालोचनात्मक विधि भनिन्छ । यो विधि सिकाइमा पछिल्लो समय प्रयोगमा आएको नौलो विधि हो । यसभित्र पनि विभिन्न विधिहरू पर्दछन् ।

**(क) मस्तिष्क मन्थन (Brain Storming) :** विद्यार्थीलाई सबै किसिमले सबै कुरा सोच्न प्रेरित गर्ने विधि मस्तिष्क मन्थन विधि हो । यो कुनै पनि आग्रह पूर्वाग्रह नराखी कार्यसम्पादन गर्ने विधि हो । यसका चरणहरू निम्नानुसार छन् :

**प्रथम चरण :** सम्पूर्ण कक्षालाई मस्तिष्क मन्थनका विषयमा जानकारी गराउने ।

**दोस्रो चरण :** समस्या वा पाठ बुझिने गरी बताउने ।

**तेस्रो चरण :** निश्चित समय तोकेर विद्यार्थीलाई समस्या समाधान गर्न लगाउने ।

**चौथो चरण :** समस्या समाधानका उपाय बताउन विद्यार्थीलाई प्रेरित गर्ने, विचारलाई सम्मान गर्न भन्ने, थप कुरा राख्न भन्ने ।

**पाँचौं चरण :** उनीहरूले भनेका कुरा टिप्ने ।

**छैटौं चरण :** अन्तमा विद्यार्थीलाई एक्लाएक्लै वा समूहमा विचार मन्थन गर्न लगाउने ।

**(ख) सङ्गठित सिंहावलोकन** (Structure Overview) : छोटो समयमा सिकारुमा उत्सुकता जगाउन गरिने वा दिइने व्याख्यान नै सङ्गठित सिंहावलोकन हो । यसका चरणहरू निम्नलिखित छन् :

**पहिलो चरण :** पाठका विषयमा चाख लाग्दा र सिकारूपरक विषयवस्तु बुझेर उनीहरूलाई भन्न लगाउने । पाठको अवधारणा र खास शब्दका विषयमा विवरण तयार गर्ने ।

**दोस्रो चरण :** सिकारुको ध्यान तान्ने खालका नक्सा, चित्र, तालिका आदि कक्षामा लिएर जाने ।

**तेस्रो चरण :** छोटो समय (पाँच मिनेट) मा प्रस्तुत गर्न सकिने मुख्य बुँदा भएको प्रस्तुति तयार गर्ने ।

**चौथो चरण :** विद्यार्थीलाई व्यस्त र अन्तरक्रियात्मक बनाउनुका साथै प्रश्नोत्तर गर्ने र टिप्पणी गर्दै हौसला दिने ।

**पाँचौँ चरण :** केही सान्दर्भिक विषय पछि बताउँला भन्दै प्रस्तुति अन्त्य गर्ने जसले उनीहरूमा उत्सुकता जगाउन सकोस् ।

**(ग) जिग्सअ (Jigsaw)** : जिग्स विधिलाई सहयोगात्मक विधि पनि भनिन्छ । एकआपसमा सहयोग गरेर सिकिने र सिक्न सकिने कुरालाई आधुनिक नवीन चिन्तनका रूपमा स्वीकार गरिएको छ । यसमा विज्ञ समूह र मातृसमूह रहन्छ । विज्ञ समूह मातृ समूह र मातृ समूह विज्ञ समूह भएर आफ्ना सिकाइ अनुभव आदानप्रदान गर्ने हुँदा यो विधि सिकाइका दृष्टिले उत्तम मानिन्छ । यस विधिका प्रक्रियागत चरण यसप्रकार छन् :

**पहिलो चरण :** विज्ञ समूहका लागि शिक्षकले प्रश्न निर्माण गरिन्छ । यो तयारी गर्दा हरेक समूहका लागि प्रश्न सेट तयार गरिन्छ र प्रश्न बनाउँदा तोकिएको पाठ्यांशबाट बनाइन्छ ।

**दोस्रो चरण :** शिक्षकले ४/५ जनाको समूह बनाई विद्यार्थीलाई मातृ समूहमा बस्न लगाउने । एक आपसमा घुलमिल हुने र सौहार्द्रपूर्ण व्यवहार प्रदर्शन गर्ने परिवेश तयार गर्ने ।

**तेस्रो चरण :** शिक्षकले मातृ समूहका विद्यार्थीलाई विज्ञ समूहमा मिलेर काम गर्न लगाउने । मातृ समूहका कम्तीमा एक एक जनालाई विज्ञ समूहमा नेताको छनोट गर्ने ।

**चौथो चरण :** शिक्षकले प्रत्येक समूहलाई आफ्नो समूहमा परेको प्रश्नको उत्तर खोज्न लगाउने । विज्ञ समूहमा रहेर प्राप्त गरेको सूचना मातृ समूहमा गएर कसरी प्रस्तुत गर्ने भन्ने तयारी गर्ने । समस्या भए शिक्षकले सहयोग गर्ने ।

**पाँचौँ चरण :** विज्ञ समूहमा रहेर आर्जन गरेको ज्ञान मातृ समूहमा फर्केर प्रयोग गर्ने । निश्चित समयभित्र छलफल गरी टुङ्गोमा पुग्ने र आफ्नो विज्ञता प्रस्तुत गर्ने मौका दिइने । यसमा छलफल र प्रश्नोत्तरले विशेष प्राथमिकता पाउने ।

**(घ) सोच जोडीमा छलफल आदानप्रदान** (Think, Pair, Share) समान सोच भएका जोडीहरू बनाउन र तिनका माध्यमबाट सिकाइमा लगाव बढाई पाठप्रति उत्सुकता जगाउन यो विधि उपयोगी मानिन्छ । सिर्जनशील छलफल गर्न र चिन्तन विकास गर्न यो विधि अवलम्बन गरिन्छ । यसका चरणहरू निम्नलिखित छन् :

**पहिलो चरण :** शिक्षकले दिएका प्रश्नका विषयमा तोकिएको समयभित्र सोच विचार गर्ने ।

**दोस्रो चरण :** आफ्नो जोडीसँग छलफल गरेर साझा विचार बनाउने ।

**तेस्रो चरण :** सबै जोडीले आफ्ना विचार सबैसँग प्रस्तुत गर्ने । प्रस्तुत भएका विचार टिपोट गर्ने ।

(ङ) **सङ्क्षिप्त/द्रुत लेखन** (Quick Write) : छलफल गरिएका र गरिने क्रममा आएका स्वतस्फूर्त रचनात्मक र सिर्जनात्मक असल विचारलाई तत्कालै टिपोट गर्न र त्यसलाई लिपिबद्ध गर्न यो विधि उपयोगी मानिन्छ । अनौपचारिक पक्षभित्रका महत्त्वपूर्ण कुरालाई समेट्न यो विधि सर्वोपयोगी मानिन्छ । ५-१० मिनेटभित्र सम्पन्न गरिसक्नुपर्ने क्रियाकलापका लागि यस विधिलाई उपयोग गरिन्छ । यसका चरणहरू निम्नलिखित छन् :

**पहिलो चरण :** आफूले दिन लागेको विषयमा विद्यार्थीहरूलाई छोटो विचार लेख भनेर बताउने र निर्दिष्ट समय सीमाभित्र निरन्तर लेख्न भन्ने ।

**दोस्रो चरण :** विद्यार्थीलाई लेख्नका लागि निर्दिष्ट विषय दिने ।

**तेस्रो चरण :** समय यकिन गरिदिने । यसले लेखनमा द्रुतता दिलाउन सहयोग गर्ने र समयमा काम फत्ते हुने हुन्छ । चौथो चरण विद्यार्थीले तयार गरेको लेख प्रस्तुत गर्न लगाउने । यसरी प्रस्तुत भएका लेखमा आवश्यकताअनुसार परिमार्जन गरेर प्रकाशन योग्य बनाउन सकिने ।

(च) **मान्यता** (Value line) : मान्यतालाई सहयोगात्मक सिकाइ क्रियाकलापका रूपमा अर्थ्याइन्छ । अरूका फरक वा भिन्न विचार आउन सक्ने विषयमा विद्यार्थीलाई आफना विचार राख्न लगाउन उपयोग गरिन्छ । विचार वा भनाइमा हुने सहमति वा असहमतिका बिचको विभेद कारणसहित प्रस्तुत गर्नु वा अरूका तथ्यपरक विचारको सम्मान गर्नु यसको प्रमुख पक्ष हो । यस किसिमको रचनात्मक र सिर्जनात्मक गुण विद्यार्थीमा हुनुपर्दछ । यस प्रकारको अभ्यासले कुनै विषयमा ध्यान दिने, त्यसमा आफ्नो राय दिने, अरूका धारणा सुन्ने, तथ्य र तर्क दिने, कारणसहित स्वीकार वा अस्वीकार गर्ने जस्ता पक्ष यसमा रहन्छन् । यसका चरणहरू निम्नलिखित छन् :

**पहिलो चरण :** शिक्षकले कक्षालाई विपक्ष वा पक्षमा खडा हुने खालका प्रश्न सोध्ने । उत्तरका रूपमा प्राप्त तथ्य समर्थन वा विरोधका रूपमा प्रस्तुत हुने/हुनुपर्ने ।

**दोस्रो चरण :** हरेक विद्यार्थीले आफ्नो तथ्य र तर्क स्वतन्त्र भएर टिपोट गर्ने वा लेख्ने ।

**तेस्रो चरण :** शिक्षक र विद्यार्थी विपरीत दिशामा रहने र छलफल गर्न लागिएको विषय पनि ठिक उल्टो धारणा आउने प्रकृतिको रहेको/रहने/हुनुपर्ने ।

**चौथो चरण :** विद्यार्थीलाई आफ्नो राय वा मत मिल्ने समूहतिर लाग्न निर्देश गर्ने । यसले स्पष्ट रूपमा समूह बनाउने ।

**पाँचौं चरण :** आफ्नो समूहका विद्यार्थीलाई छलफल गर्न लगाई मत फरक भए अर्को समूहमा पठाउने ।

**छैटौं चरण :** दुवै समूहका विद्यार्थीले तर्क र तथ्यका आधारमा छलफल जारी राख्ने ।

**सातौं चरण :** प्रत्येक समूहका प्रतिनिधि एक/एक जनालाई आफ्ना विचार प्रस्तुत गर्न लगाउने । तथ्य र तर्कमा आधारित रहेर गरिएको विचारलाई मान्यता दिने ।

विद्यार्थीको सिकाइलाई प्रभावकारी बनाउन विद्यार्थीकेन्द्रित विधिलाई प्राथमिकता दिएर सिकाइ अगाडि बढाउनुपर्छ । माथि उल्लेख गरिएका केही नयाँ विधिहरू हुन् वा पुराना विधि नै किन नहुन्, सबैमा विद्यार्थीको सक्रिय भूमिकाले महत्त्व पाउनुपर्छ । उल्लिखित विधिहरू नमुना मात्र हुन् । पाठ्यक्रमको आवश्यकताअनुसार अन्य विधिहरू पनि उपयोगमा ल्याउन सकिन्छ ।

(ग) **अभिलेखीकरण तथा सिकाइ उपलब्धि/सक्षमता मापन :** विद्यार्थीहरूलाई आफूले सिकेका कुराहरूको अभिलेखीकरण गर्न लगाउनु पनि सहजीकरण प्रक्रियाको एक महत्त्वपूर्ण अङ्ग हो । यहाँ अभिलेखीकरण गर्नु भन्नुको अर्थ विद्यार्थीहरूले सिकेका कुराहरूलाई हुबहु कपीमा लेख्ने भन्न खोजिएको होइन । विद्यार्थीहरूले आफूले सिकेका कुराहरूको अभिलेखीकरण गर्ने क्रममा विषयवस्तुमा आधारित कथा, कविता, निबन्ध आदि लेख्ने, चित्र बनाउने, विभिन्न फोटोहरू टाँस्ने वा वास्तविक वस्तुहरू नै टाँस्ने, जस्तैः कुहिने र नकुहिने वस्तु छुट्याउने विषय छ भने कागजको टुक्रा र प्लास्टिक टाँस्ने, कुनै बिरुवाको जीवनचक्र वा खेतीसम्बन्धी छ भने त्यसको बिउ, पातहरू टाँस्न सकिन्छ । कुनै विषयवस्तुमा क्षेत्रभ्रमण, अवलोकन आदि गराइएको छ भने त्यसको सामूहिक परियोजना कार्य गराई प्रस्तुत गर्न लगाउनुपर्छ । कुनै विषयवस्तुहरूमा विद्यार्थीहरूलाई सिपसँग सम्बन्धित सामग्रीहरू बनाउनलाई प्रस्तुत गर्न लगाउनुपर्छ, जस्तै : बाँसका सामग्री बनाउन लगाउने । विद्यार्थीहरूलाई विषयवस्तुको सहजीकरणका क्रममा यस्ता विभिन्न कार्यहरू गराउँदा उनीहरूसँग सिकेका कुराहरूको अभिलेख रहिरन्छ र भविष्यमा पुनरवलोकन गर्नसमेत सहज हुन्छ । यसरी विद्यार्थीहरूले गरेको अभिलेखको प्रस्तुति गर्न लगाई उनीहरूलाई सकारात्मक पृष्ठपोषण (Positive feedback) सहित हौसला प्रदान (Appreciation) गर्नुपर्दछ । विद्यार्थीहरूको अभिलेखीकरण, प्रस्तुति, अभिनय जस्ता कार्यहरूबाट सहजकर्ताले सहजीकरण गरेका विषयवस्तुहरूका आधारमा के कति सिकाइ उपलब्धि, सक्षमता तथा सिपहरू हासिल भए भन्ने कुराको मापनसमेत गर्न सक्छन् । सिकाइ सहजीकरणका क्रममा विद्यार्थीहरूको दैनिक कार्य, अनुभव, सिप तथा व्यवहारिक परिवर्तनको समेत अवलोकन गर्दै सहजकर्ताले समेत प्रत्येक विद्यार्थीहरूको दैनिक अभिलेख राख्ने कार्य सम्पन्न गरेपछि मात्र सहजीकरणको प्रक्रिया पूरा भएको मानिन्छ । विद्यार्थी तथा सहजकर्ता दुवैले राख्ने अभिलेखबाट विद्यार्थी मूल्याङ्कन प्रक्रिया सम्पन्न गर्न समेत सजिलो हुन्छ ।

कक्षाकोठामा सिकाइ सहजीकरण गर्दा विद्यार्थीहरूको सहभागितालाई प्रोत्साहित गर्नुपर्दछ । विद्यार्थीहरू आफैँलाई कुनै कुनै समस्या समाधान गर्न गाह्रो अप्ठ्यारो पर्न सक्छ त्यस्तो अवस्थामा मात्र कमीकमजोरीलाई राम्ररी केलाई अध्यापक वा मौलानाद्वारा सहयोग पुऱ्याई समाधान गरिदिनु उचित हुन्छ । उल्लिखित शिक्षण विधि प्रयोग गरी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा शिक्षकले निम्नानुसारका पक्षमा ध्यान दिनुपर्छ :

१. शिक्षकले वार्षिक शिक्षण योजना, एकाइ योजना र दैनिक पाठयोजना बनाएर शिक्षणका लागि तयार हुनुपर्छ ।

२. भोलिपल्ट पढाउने पाठ अघिल्लो दिन नै शिक्षकले शास्त्रीय तयार गर्नुपर्छ । यसका लागि आवश्यक पर्ने शैक्षिक तथा पाठ्यसामग्री सङ्कलन एवम् आवश्यकतानुसार स्थानीय स्रोतव्यक्ति वा विज्ञसँग समन्वय र विज्ञ परिचालन गर्नुपर्छ ।

३. विद्यार्थीको स्तर, उमेर, रुचि एवम् क्षमता बुझ्नु र तदनुरूप क्रियाकलाप गराउनुपर्छ ।

४. विषयवस्तुमा विद्यार्थीहरूलाई आकर्षण गर्न सरल र क्रमबद्ध तरिका अपनाउनुका साथै उत्प्रेरणा र कौतूहल पनि जगाउनुपर्छ ।

५. अध्यापनमा बढीभन्दा बढी विद्यार्थीलाई संलग्न गराई सिकाइ प्रक्रिया सञ्चालन गर्नुपर्छ ।

६. संस्कार र संस्कृतिसँग सम्बद्ध विषयवस्तुलाई प्रयोगात्मक सिकाइ गर्ने अवसर प्रदान गर्नुपर्छ ।

७. प्रसिद्ध चाडपर्व र संस्कारहरू सिकाउँदा विद्यार्थीहरूलाई सामूहिक अवलोकन भ्रमण एवम् प्रश्नोत्तरमा जोड दिनुपर्छ ।

८. विभिन्न वेवसाइटबाट सामग्री सङ्कलन गरी कक्षामा प्रस्तुत गर्न सकिन्छ । यसका लागि शिक्षक, विद्यार्थी, अभिभावक र अन्य सरोकारवालाहरूको सहयोग लिई वा दिई सिकाइ गर्ने अवसर प्रदान गर्नुपर्छ । अभिभावक तथा सरोकारवालालाई सूचना प्रविधि सम्बद्ध सामग्री सही उपयोगतर्फ आकर्षित तथा उत्प्रेरित गर्नुपर्छ ।

९. स्थानीय सम्पदाको फोटो र भिडियो खिचेर कक्षामा प्रदर्शन गर्न सकिन्छ । त्यसका आधारमा छलफल गराउन सकिन्छ । यसका लागि सूचना प्रकाशित वा प्रवाह गरी शिक्षक, विद्यार्थी, अभिभावक र अन्य सरोकारवालाहरूको सहयोग लिनुपर्छ । सङ्ग्रह गरिएका वा उपलब्ध भएका सामग्री पठनपाठनका लागि भनी मागी त्यसको सही सदुपयोग गर्नुपर्छ ।

१०. स्थानीय व्यवसायी, पूजारी, समाजसेवी, कृषकसँग गरेको कुराकानीको भिडियो वा अडियो तयार गरेर कक्षामा प्रस्तुत गर्न सकिन्छ । यसले गर्दा विद्यार्थीलाई परियोजना कार्य गर्न सहजता प्रदान गर्छ । यी कार्यमा संरग्न नभएका विद्यार्थीले पनि साथीको कार्यबाट सहजैसँग विषयवस्तुको बोध गर्न सक्छन् ।

११. स्थानीय सांस्कृतिक गतिविधिहरूको फोटो वा भिडियो खिचेर वा सङ्कलन गरेर कक्षामा प्रदर्शन तथा छलफल गर्न सकिन्छ । यसले गर्दा विद्यार्थीलाई आफ्नो संस्कृति, संस्कारप्रति जिज्ञासु तथा उत्तरदायी बनाउन मदत गर्छ ।

१२. शिक्षकले इन्टरनेटमार्फत सामाजिक सञ्जालहरूबाट सान्दर्भिक सामग्री सङ्कलन गरी प्रयोग गर्न सकिन्छ । यसका लागि बेथानचोक गाउँपालिकाका स्थानीय विषय पढाउने शिक्षकको सञ्जाल बनाई अन्तरक्रिया, सहयोग आदानप्रदान र समरूपता तथा विविधता ल्याउन सहयोग पुग्छ ।

१३. स्थानीय पाठ्यक्रमका विषयवस्तुसँग सम्बन्धित बुँदाहरू, अडियो तथा भिडियो क्लिप्स, फोटो तथा चित्रहरू समावेश गरेर पावरप्वाइन्ट सामग्री तयार गरी कक्षामा प्रदर्शन, छलफल र अभ्यास गराउन सकिन्छ ।

१४. स्थानीय पाठ्यक्रमका विषयवस्तुसँग सम्बन्धित कतिपय सङ्कलित सामग्रीलाई प्रिन्ट गरेर वा फोटोकपी गरेर विद्यार्थीहरूलाई स्वाध्ययन, समूह छलफल र घटना अध्ययन गराउन सकिन्छ ।

१५. विद्यार्थीहरूलाई पनि परियोजना कार्य तथा क्षेत्र भ्रमणका क्रममा यस्ता सामग्रीको सहयोग लिएर जानकारी सङ्कलन गर्न र प्रस्तुतिका लागि स्लाइडहरू तयार पार्न लगाई प्रस्तुत गर्न लगाउन सकिन्छ । त्यसैगरी विद्यार्थीहरूले परियोजना कार्यका क्रममा सामाजिक सञ्जालहरू, इन्टरनेट तथा रेडियो टेलिभिजनका सामग्रीबाट तथ्य र तथ्याङ्कहरू सङ्कलन गरी प्रतिवेदन तयार पार्न लगाउन सकिन्छ ।

१६. रेडियो, टेलिभिजन तथा अनलाई मिडियामा प्रकाशित र प्रसारित स्थानीय पाठ्यक्रमका विषयवस्तुसँग सम्बन्धित सामग्रीलाई कपी गरेर वा टिपोट गरेर कक्षामा छलफल तथा प्रदर्शन गर्न सकिन्छ ।

१७. स्थानीय पाठ्यक्रमका विषयवस्तुसँग मिल्दो भिडियो क्लिप्स, डकुमेन्ट्रीहरू, चलचित्रहरूलाई पनि सिकाइ सहजीकरणका क्रममा प्रदर्शन गरेर छलफल गर्न सकिन्छ ।

१८. स्थानीय आवश्यकता र सिपका आधारमा सामग्री उत्पादन, स्थानीय बजार र सामग्रीको उपयोग गर्नुपर्छ ।

१९. स्थानीय तहमा उपलब्ध विज्ञ वा बाह्य क्षेत्रबाट आमन्त्रण गरिएको विज्ञ परिचालन गरी सिपगत शिक्षा लिने वा दिने गर्नुपर्छ । सबै एउटै शिक्षकले पढाउन खोज्नु हुँदैन । आफूभन्दा अरूको

प्रभावकारी हुन्छ, त्यस्ता व्यक्ति झिकाउन सकिन्छ भने विज्ञबाट नै कक्षा सञ्चालन गर्नुपर्छ । विज्ञले लिएको कक्षाको श्रव्यदृश्य सामग्री निर्माण गरी सबै वितरण गरिदिनुपर्छ ।

२०. सिपगत शिक्षाका विविध कारणले गर्दा थप शैक्षिक प्रगति हुन नसक्ने विद्यार्थी वा दैनिक व्यवहारबाट टाढा रहेका विद्यार्थीले स्थानीय पाठ्यक्रमको कार्यान्वयनबाट प्राप्त आफ्नो सिपगत योग्यताका आधारमा घरायसी काममा सहयोग गर्ने तथा रोजगार वा स्वरोजगारतर्फ आकर्षित भई स्वावलम्बी नागरिक बन्नेतर्फ उत्साहित गरिदिनुपर्छ ।

सिकाइ सहजीकरणका क्रममा शिक्षकबाट विषयवस्तु प्रधान अन्तरक्रियात्मक प्रस्तुतिसहितको शिक्षण, सिकाइ सहजीकरणका विभिन्न रणनीतिहरू, समालोचनात्मक चिन्तन, एक घन्टीमा सकिने र एक दिनमा पूरा गर्न सकिने स्थानीय लघु भ्रमण, परियोजना कार्य, लिखित कक्षाकार्य, गृहकार्य, समूह कार्य, मौखिक वर्णन, चित्रकला, गायन, अभिनय, विद्यार्थीबाट, सङ्कलन र प्रदर्शन, अनुभवी व्यक्ति, स्रोतव्यक्ति वा अतिथि शिक्षकबाट शिक्षण प्रशिक्षण, नाटकीकरण आदिको अवलम्बन गर्न सकिने छ ।

## ७. मूल्याङ्कन प्रक्रिया

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीले ज्ञान, सिप तथा अभिवृत्ति प्राप्त गर्न सके वा सकेनन् भन्ने कुरा पत्ता लगाउने महोवपूर्ण संयन्त्र मूल्याङ्कन हो । विद्यार्थीको मूल्याङ्कन गर्दा सर्वप्रथम अपेक्षित उद्देश्यलाई ध्यान दिनुर्पछ । उद्देश्यअनुरूप सिकाइको सबै स्तरलाई समेटेर मूल्याङ्कनका साधनहरू विकास गरिनुपर्छ । यस विषयमा सामान्यतया निर्माणात्मक तथा निर्णयात्मक गरी मूल्याङ्कनका दुई पद्धति अवलम्बन गर्नुपर्छ ।

### (अ) निर्माणात्मक मूल्याङ्कन

विद्यार्थीले के कति सिके भन्ने कुरा पत्ता लगाई नसिकेको भए नसिक्नुको कारण अन्वेषण गरी पुनः सिकाइन्छ । यस्तो मूल्याङ्कन कक्षाकोठामा सिकाइ सहजीकरण क्रियाकलापकै मा कक्षाकार्य, धार्मिक अनुष्ठानादि कार्य, गृहकार्य, कक्षा सहभागिता, व्यावहारिक परिवर्तन, हाजिरीका आधारमा गरेर अभिलेख राख्नुपर्छ । साथै यसको सिकाइ सहजीकरणका क्रममा आवश्यकतानुसार विद्यार्थीलाई तुरुन्त पृष्ठपोषण दिनुपर्छ र विद्यार्थीमा सुधारको वातावरण तयार गरिदिनुपर्छ । निर्माणात्मक मूल्याङ्कन गर्दा शिक्षकले निम्नानुसारका पक्षमा ध्यान दिनुपर्छ :

१. मूल्याङ्कनले मुख्यतः निर्धारित विषयवस्तुको सैद्धान्तिक एवम् प्रयोगात्मक नतिजा देखाउनुपर्छ ।
२. यो प्रयोगात्मक विषय भएकाले यसले मुख्यतः अभ्यास र उत्पादनमा जोड दिनुपर्छ ।
३. शिक्षक वा विद्यालयले आयोजना गर्ने अवलोकन भ्रमणपश्चात् प्रश्नोत्तरका माध्यमले मूल्याङ्कन हुनुपर्छ ।
४. सैद्धान्तिक पक्षलाई जाँच्न यी तरिका अपनाउन सकिने छ :
   (क) बहुवैकल्पिक प्रश्न सोधेर ।
   (ख) ठिक बेठिक छुट्याउन लगाएर ।
   (ग) हाजिरीजवाफ गराएर ।
   (घ) कठिन शब्दहरूको अर्थ सोधेर ।
   (ङ) बोधको आधारमा प्रश्नोत्तर गराएर ।
   (च) विवरणात्मक प्रश्न गरेर ।

### (आ) निर्णयात्मक मूल्याङ्कन

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीले ज्ञान, सिप तथा अभिवृत्ति प्राप्त गरेको वा नगरेको मूल्याङ्कन गरी त्यसका आधारमा निर्णय गर्ने प्रयोजनार्थ त्यस्तो मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन भनिन्छ । यस्तो मूल्याङ्कन आवधिक रूपमा गर्ने गरिन्छ । यस विषयमा शैक्षिक सत्रको अन्त्यमा यस्तो

मूल्याङ्कन गर्ने गरिन्छ । कक्षा १ देखि ३ सम्ममा पूर्णतः निर्माणात्मक मूल्याङ्कन लागु हुने व्यवस्था रहेकाले यस मूल्याङ्कनसम्बद्ध अभिलेख पनि निर्माणात्मक मूल्याङ्कनकै आधारमा गर्नुपर्ने छ । कक्षा ४ देखि ८ को हकमा भने तोकिएअनुसारको विशिष्टीकरण तालिकाअनुसार विद्यार्थी मूल्याङ्कन गर्नुपर्ने छ ।

**(इ) निर्माणात्मक/प्रयोगात्मक परीक्षा**

कक्षा : १-३ औसत अङ्क विशिष्टीकरण तालिका

| क्र.स. | कार्य विवरण | अङ्कभार |
|---|---|---|
| १ | कक्षामा उपस्थिति तथा व्यवहार परिवर्तन | १० |
| २ | समूह निर्माण, समूह कार्यमा सहभागिता र प्रस्तुति | १० |
| ३ | कक्षाकार्य/गृहकार्य | १० |
| ४ | स्थलगत अध्ययन/परियोजना कार्य/प्रतिवेदन लेखन | ३० |
| ५ | प्रश्नको उत्तर लेखन/ प्रश्नको मौखिक उत्तर | ३० |
| ६ | रचनात्मक कार्य/अभिनय/नक्सा तथा चित्र लेखन | १० |
| **जम्मा** | | **१००** |

कक्षा : ४-८ औसत अङ्क विशिष्टीकरण तालिका

| क्र.स. | कार्य विवरण | अङ्कभार |
|---|---|---|
| १ | कक्षामा उपस्थिति तथा व्यवहार परिवर्तन | ५ |
| २ | समूह निर्माण, समूह कार्यमा सहभागिता र प्रस्तुति | ५ |
| ३ | कक्षाकार्य/गृहकार्य | ५ |
| ४ | स्थलगत अध्ययन/परियोजना कार्य/प्रतिवेदन लेखन | १५ |
| ५ | प्रश्नको उत्तर लेखन/ प्रश्नको मौखिक उत्तर | १५ |
| ६ | रचनात्मक कार्य/अभिनय/नक्सा तथा चित्र लेखन | ५ |
| **जम्मा** | | **५०** |

उल्लिखित कार्य विवरणलाई अनिवार्य विषयमा जस्तै चारओटा आधारमा मूल्याङ्कन गरी अभिलेखीकरण गर्नुपर्ने छ ।

# तेस्रो खण्ड

# कार्यान्वयन

## १. समय निर्धारण

आधारभूत तह कक्षा १-३ मा स्थानीय विषयको साप्ताहिक पाठ्यघण्टा ५ हुने छ जसमा १६० घन्टी दिइएको छ । त्यसै गरी आधारभूत तह कक्षा ४-८ मा स्थानीय विषयको साप्ताहिक ४ पाठ्यभार र १०० पूर्णाङ्क कायम गरी १२८ पाठ्यघन्टी दिइएको छ । प्रत्येक शैक्षिक सत्र वैशाखदेखि सुरु भएर चैत्र मसान्तसम्म कायम रहने छ । प्रचलित शिक्षा ऐन, नियमावली र कार्यविधि बमोजिम प्रत्येक शैक्षिक सत्रमा २२० दिन विद्यालय खुल्ने छ र २०० दिन पठनपाठन हुने छ । प्रत्येक घन्टी एक घण्टाको हुने छ ।

## २. पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

यस पाठ्यक्रमको कार्यान्वयन गर्न प्रधानाध्यापक तथा शिक्षकको भूमिका महत्त्वपूर्ण हुने छ । विद्यार्थीहरूलाई स्थानीय वातावरणको अवलोकन गराइने छ । परियोजना कार्य र प्रतिवेदनको माध्यम अवलम्बन गरिने छ । स्थानीय समुदायका विज्ञ, बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय तथा क्षेत्रमा जानकार व्यक्तिहरू स्रोतव्यक्तिका रूपमा रहने छन् । विद्यालयहरूले यस पाठ्यक्रम कार्यान्वयनका क्रममा आवश्यकता र औचित्यअनुसार स्थानीय भाषा, नेपाली भाषा वा अङ्ग्रेजी माध्यम समेत अवलम्बन गर्न सक्ने छन् । विषयवस्तुमा समावेश प्रमुख क्षेत्र/स्थलमा अवलोकन भ्रमण गराइने छ । विद्यार्थीहरूको समूहकार्य र अन्तरक्रियालाई जोड दिइने छ । पाठ्यक्रममा आधारित भई पाठ्यसामग्रीको विकास गर्नुका साथै शिक्षकहरूलाई विषयवस्तु तथा सहजीकरण प्रक्रियासम्बन्धी अभिमुखीकरण तालिमको व्यवस्था गरिने छ ।

यस पाठ्यक्रमको कार्यान्वयनका लागि पाठ्यसामग्री लेखन र शिक्षकका लागि थप शिक्षक निर्देशिकासमेत निर्माण गर्न सकिने छ । पाठ्यक्रममा कार्यान्वयनमा स्थनीय पाठ्यसामग्रीहरूको आवश्यक पर्ने भएकाले शिक्षक, अभिभावक र विद्यार्थीहरू मार्फत स्थानीय शैक्षिक सामग्रीको सङ्कलन र प्रयोग गर्न सकिन्छ ।

## ३. पाठ्यक्रम परिमार्जन

समय परिर्वतनशील हुने भएकाले सूचना तथा सञ्चार प्रविधिमा आएको परिवर्तनसँगै व्यक्ति तथा समुदायको पनि इच्छा, आकाङ्क्षा र आवश्यकताहरू पनि परिवर्तन हुन्छन् । उक्त चाहना तथा आवश्यकताहरू पाठ्यांशमा समावेश हुनुपर्दछ, जसले विद्यार्थीहरूको ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन सकोस् । यसै अनुरूप यो पाठ्यक्रम पनि सामाजिक आवश्यकतालाई सम्बोधन गर्न आवश्यकताअनुसार परिमार्जन हुने छ । यस क्षेत्रका प्राकृतिक, सामाजिक, सांस्कृतिक, भाषिक र वातावरणीय पक्षहरूको खोज, अनुसन्धान र अध्ययन गरी प्राप्त निष्कर्षलाई यस पाठ्यक्रममा समावेश गर्दै लगिने छ ।

## ४. स्थानीय पाठ्यक्रमको सिकाइ कार्यघण्टा र अङ्क विभाजन तालिका

| क्षेत्र/ एकाइ | कक्षा १ | | कक्षा २ | | कक्षा ३ | | कक्षा ४ | | कक्षा ५ | | कक्षा ६ | | कक्षा ७ | | कक्षा ८ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यघण्टा | पूर्णाङ्क | कार्यघण्टा | पूर्णाङ्क | कार्यघण्टा | पूर्णाङ्क | कार्यघण्टा | पूर्णाङ्क | कार्यघण्टा | पूर्णाङ्क | कार्यघण्टा | पूर्णाङ्क | कार्यघण्टा | पूर्णाङ्क | कार्यघण्टा | पूर्णाङ्क |
| १. बेथानचोक गाउँपालिका र काभ्रेपलाञ्चोक जिल्ला | ३० | २० | ३० | २० | ३० | २० | २२ | १८ | २२ | १८ | २२ | १८ | २२ | १८ | २२ | १८ |
| २. बेथानचोकको आदर्श | २५ | १५ | २५ | १५ | २५ | १५ | २२ | १६ | २२ | १६ | २२ | १६ | २२ | १६ | २२ | १६ |
| ३. स्थानीय उत्पादन | २५ | १५ | २५ | १५ | २५ | १५ | २२ | १८ | २२ | १८ | २२ | १८ | २२ | १८ | २२ | १८ |
| ४. हाम्रो संस्कृति | २५ | १५ | २५ | १५ | २५ | १५ | २२ | १६ | २२ | १६ | २२ | १६ | २२ | १६ | २२ | १६ |
| ५. ऐतिहासिक तथा पर्यटकीय सन्दर्भ र स्थल | ३० | २० | ३० | २० | ३० | २० | २० | १६ | २० | १६ | २० | १६ | २० | १६ | २० | १६ |
| ६. स्थानीय भाषा | २५ | १५ | २५ | १५ | २५ | १५ | २० | १६ | २० | १६ | २० | १६ | २० | १६ | २० | १६ |
| जम्मा | **१६०** | **१००** | **१६०** | **१००** | **१६०** | **१००** | **१२८** | **१००** | **१२८** | **१००** | **१२८** | **१००** | **१२८** | **१००** | **१२८** | **१००** |

## ५. अनुसूची

### अनुसूची १

**निर्णयात्मक (आवधिक) परीक्षा**

कक्षा : ४-८ पूर्णाङ्क : ५० उत्तीर्णाङ्क : अक्षराङ्कमा मूल्याङ्कन गरिने समय : १ घण्टा ३० मिनेट

औसत प्रश्न तालिका (तहगत रूपमा)

| ज्ञान तह (Knowledge Level) | बोध तह (Understanding Level) | उच्च तह (Higher Abilities) |
|---|---|---|
| ४० % | ४० % | २० % |

कक्षा ४-८ को प्रश्नपत्र निर्माण योजना (Specification Grid)

| प्रश्न / क्षेत्र | सङ्क्षिप्त उत्तर आउने प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | | जम्मा प्रश्न सङ्ख्या | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रश्न सङ्ख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न सङ्ख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न सङ्ख्या | अङ्क भार | जम्मा अङ्क | | |
| **१. बेथानचोक गाउँपालिका र काभ्रेपलाञ्चोक जिल्ला** | २ | १ | २ | २ | २ | ४ | १ | ३ | ३ | ५ | ९ |
| **२. बेथानचोकको आदर्श** | १ | १ | १ | २ | २ | ४ | १ | ३ | ३ | ४ | ८ |
| **३. स्थानीय उत्पादन** | २ | १ | २ | २ | २ | ४ | १ | ३ | ३ | ४ | ९ |
| **४. हाम्रो संस्कृति** | १ | १ | १ | २ | २ | ४ | १ | ३ | ३ | ४ | ८ |
| **५. ऐतिहासिक तथा पर्यटकीय (प्राकृतिक समेत) सन्दर्भ र स्थल** | १ | १ | १ | २ | २ | ४ | १ | ३ | ३ | ४ | ८ |
| **६. स्थानीय भाषा** | १ | १ | १ | २ | २ | ४ | १ | ३ | ३ | ४ | ८ |
| जम्मा | ८ | १ | ८ | १२ | २ | २४ | ६ | ३ | १८ | २९ | **५०** |

**नोट :** १ प्रश्न निर्माण गर्दा ज्ञान, बोध र उच्च तह (प्रयोग, विश्लेषण, संश्लेषण र मूल्याङ्कन) का प्रश्नहरू निर्माण गर्नुपर्दछ ।

२. ज्ञान तहका सबै प्रश्नहरू १ अङ्कका, बोधका २ अङ्कका र उच्चतहमा ३ अङ्कका हुने छन् ।

३. ज्ञान तहका प्रश्नका लागि अति छोटा प्रश्न, बहुवैकल्पिक प्रश्न, खाली ठाउँ भर्ने प्रश्नहरू राख्नुपर्ने छ ।

# अनुसूची २

# निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया

## विद्यार्थी मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू

| क.स. | मूल्याङ्कन आधार/सूचक | मूल्याङ्कनका सम्भावित साधन |
|---|---|---|
| १. | कक्षामा उपस्थिति तथा व्यवहारिक परिवर्तन | अवलोकन, दैनिक क्रियाकलाप, अभिभावक प्रतिक्रया, रुजु सूची, हाजिरी फारम, रुब्रिक्स |
| २. | समूह निर्माण तथा समूहमा सहभागिता | अवलोकन, रुजु सूची, फारम, दैनिक क्रियाकलाप, रुब्रिक्स |
| ३. | क्रियाकलापको योजना निर्माण | अवलोकन फारम, रुजु सूची, रुब्रिक्स, लेखन तरिका |
| ४. | क्रियाकलापको नमूना निर्माण/क्रियाकलाप सम्पन्न | प्रस्तुति अवलोकन फारम, रुजू सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न, श्रव्य तथा दृष्य सामग्री, |
| ५. | शब्द निर्माण/उत्तर लेखन/प्रतिवेदन तयारी/नमुनाको चित्र | प्रश्न, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृश्य सामग्री, प्रस्तुति अवलोकन फारम, लेखन शैली |
| ६. | रचनात्मक कार्य/ प्रस्तुति/ अभिनय/प्रश्नको मौखिक उत्तर | प्रश्न, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृष्य सामग्री, मौखिक प्रश्न, प्रस्तुति अवलोकन फारम आदि । |

## विद्यार्थी उपलब्धि स्तरको व्याख्या

| उपलब्धि स्तर | स्तर मापन | उपलब्धि स्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below Basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको |
| उच्च (Advanced) | ४ | माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

**निरन्तर विद्यार्थी मूल्याङ्कन अभिलेख र स्तर निर्धारण**

| क.स. | मूल्याङ्कन आधार/सूचक | उच्च | राम्रो | सामान्य | कमजोर |
|---|---|---|---|---|---|
| १. | कक्षामा उपस्थिति तथा व्यावहारिक परिवर्तन | ४ | ३ | २ | १ |
| २. | समूह निर्माण तथा समूहमा सहभागीता | ४ | ३ | २ | १ |
| ३. | क्रियाकलापको योजना निर्माण | ४ | ३ | २ | १ |
| ४. | क्रियाकलापको नमूना निर्माण/क्रियाकलाप सम्पन्न | ४ | ३ | २ | १ |
| ५. | शब्द निर्माण/उत्तर लेखन/प्रतिवेदन तयारी/नमुनाको चित्र | ४ | ३ | २ | १ |
| ६. | रचनात्मक कार्य/प्रस्तुति/अभिनय/प्रश्नको मौखिक उत्तर | ४ | ३ | २ | १ |
| | **जम्मा** | **२४** | **१८** | **१२** | **६** |

**नोटः** स्तर निर्धारण गर्नका लागि पाठको निधार्रित सिकाइ उपलब्धिमा आधारित भई विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरेको नगरेको मूल्याङ्कन गर्न माथिका सूचकहरूको प्रयोग गर्नुपर्दछ ।

**उपलब्धि स्तर प्रतिशत निकाल्ने तरिकाः**

$$\text{उपलब्धि प्रतिशत सूत्र} = \frac{\text{विद्यार्थीले पाएको जम्मा स्तर सङ्ख्या} \times १००}{\text{जम्मा पढाई भएको पाठ सङ्ख्या} \times \text{जम्मा उच्च स्तर (२४)}}$$

उदाहरणको लागि, कक्षामा पहिलो त्रैमासिक सम्ममा पढाई भएको पाठ सङ्ख्या = ४

कुनै विद्यार्थीले उक्त विषयमा सबै पाठमा गरी प्राप्त गरेको जम्मा स्तर मापन सङ्ख्या = ९०

$$\text{सूत्रअनुसार, उपलब्धि स्तर प्रतिशत} = \frac{९० \times १००}{४ \times २४}$$

= ९३.७५ प्रतिशत

# अनुसूची ३

# विद्यार्थी मूल्याङ्कन अभिलेख फारम नमूना

## विद्यार्थीको वैयक्तिक तथा पारिवारिक विवरण

विद्यालयको नाम : ...................................................................

ठेगाना :............................................ विद्यार्थीको नाम :.........................................

जन्म मिति : .........................................................कक्षा/रोल न.. :....................

विद्यार्थीको घरको ठेगाना : ..........................................................................

परिवारिक विवरण : आमाको नाम : .........................................पेसा : ...........................

सम्पर्क नं. : .......................... बाबुको नाम : ..................................................................

पेसा : ........................... सम्पर्क नं. : ...........................

बाबु आमा बाहेक अरु कसैले अभिभावकत्व लिएको भएमा स्थानीय अभिभावकको नाम : ..................................................पेसा : ........................... सम्पर्क नं. : ........................... विद्यार्थीसँगको नाता : ........................... विद्यालय भर्ना मिति : .............................

## स्वास्थ्य सम्बन्धी विवरण

**मिति** :............................ **तौल (के.जी.मा)** :......................... **उचाइ (से.मि.मा)** :..............

कुनै विशेष रोग वा शारिरीक अपाङ्गता भएमा भएमा सो बारे टिपोटः ............................................................. शिक्षकको नाम र सही : .................................... मिति : ...............

**निरन्तर विद्यार्थी मूल्याङ्कन विवरण नमूना**

कक्षा :............ विषय :.......................... विद्यार्थीको नाम :...........................................रोल नं. :.........

| **विषय क्षेत्र/पाठ** | **अपेक्षित सिकाइ उपलब्धि/सक्षमता** | **मूल्याङ्कन आधार/सिकाइ उपलब्धि सूचक** | **नियमित पढाई पछिको मूल्याङ्कन**<br>**सिकाइ उपलब्धि स्तर** | **मिति** | **थप सहायता पछिको पछिको मूल्याङ्कन**<br>**सिकाइ उपलब्धि स्तर** | **मिति** | **समग्र सिकाइ उपलब्धि स्तर** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| | | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**नोटः** पाठहरूको सिकाइ उपलब्धि/सक्षमता पाठ्यक्रमले दिए अनुसार लेख्नुपर्दछ। मूल्याङ्कनका आधार/सूचकहरू अनुसूची ४ मा दिएबमोजिम राख्न सकिन्छ। कुन मितिमा मूल्याङ्कन गरेको हो, प्रत्येक पटकको मिति उल्लेख गर्नुपर्दछ। सिकाइ उपलब्धि स्तरलाई १ देखि ४ सम्म स्तरीकृत गर्ने, यदि कुनै विद्यार्थीको सिकाइ उपलब्धि सामान्य भन्दा पनि कम आएमा त्यस्ता विद्यार्थीको स्तर बढाउन थप सहायता कक्षा संचालन गरी, पुनः सिकाइ उपलब्धि स्तर मापन गरी समग्र/औसत स्तर निकाल्नु पर्दछ। प्रत्येक त्रैमासिकमा विद्यार्थी मूल्याङ्कन विवरण फारमका आधारमा प्रत्येक विद्यार्थीको उपलब्धि स्तर/श्रेणी निर्धारण गरी अभिभावकसमेतको सहभागितामा पृष्ठपोषण प्रदान गर्नुपर्दछ। कक्षामा उपस्थिति रेकर्ड दैनिक हाजिर कापीबाट लिन सकिन्छ।